महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७७

रुपनी गाउँपालिका
सप्तरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७
च.नं. २७४

मितिः २०७७।३।२६

श्री प्रमुख ज्यू,
रुपनी गाउँपालिका,
सप्तरी ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७६।७७ मितिः २०७७।३।१७
च.नं १०२

श्री प्रमुख ज्यू,
रुपनी गाउँपालिका,
सप्तरी ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले रुपनी गाउँपालिका, सप्तरीको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ६ करोड ६२ लाख ८८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ४ लाख ४५ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ९४ लाख ३२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड २२ लाख २४ हजार र पेश्की रु. २ करोड ४१ लाख ८७ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/१२/६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्यौट नभई कायम भएका ब्यहोराको अन्तिम प्रतिवेदन पाना उनन्तिस (२९) यसै साथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी,गाउपालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

रुपनी गांउपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस गाउँपालिका अर्न्तगत ६ वडा, ३४ जना सभा सदस्य रहेका छन् । ५६.०८ व.की.मी.क्षेत्रफल ओगटेको यस गाउपालिकाको जनसंख्या २९ हजार ९७९ जना रहेको छ ।

लेखापरिक्षणको क्रममा असुलीः असुल गर्न बाकी आन्तरीक आय रकम रु ११२४५४।२७ ले.प.को क्रममा मिति २०७६।१०।१६ र २०७६।११।२ मा दाखिला गरिएको छ ।

१. **बित्तिय बिबरण र संञ्चित कोषको अवस्था :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम रुपनी गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र स्थानिय एकिकृत सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

एकिकृतसञ्चित कोषको विवरण

रुपनी गाउपालिका, सप्तरी

आथिंक वषः २०७५।७६

	आयतर्फ		सि.नं.	व्ययतर्फ	
सि.नं.	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**		१	गाउँपालिका पुँजीगत (समानीकरण, राजश्व बाँडफाँड, आन्तरिक)	११६७२०८६१.८०
१.१	नगद		२	गाउँपालिका चालु (समानीकरण, राजश्व बाँडफाँड, आन्तरिक)	३५७३५२२७.८६
१.२	वैंक	३०११५४४२.९०	३	आ.व.२०७४।०७५ को शर्सत र हस्तान्तरित रकम फिर्ता	१४८८२२८८.८३
२	आन्तरिक राजश्व	११९९०९४.८१		प्रदेश सरकार अन्तर बित्तिय हस्तानतरण	१७२०४६८३.००
३	मालपोत कार्यालय	२२५५०५८.००	४	**संघिय सर्शत अनुदान**	०
४	संघिय वित्तीय समानिकरण अनुदान	९३०००००००.००	४.१	आयुर्वेद	०
५	प्रदेश वित्तीय समानिकरण अनुदान	२७०५०००.००	४.२	कृषि	४९५७१०.००
६	संघिय राजश्व बाँडफाँड	४८४८८३७०.२८	४.३	खेलकुद विकास कार्यक्रम	०
७	प्रदेश राजश्व बाँडफाँड	२१२७०००.००	४.४	पशु	१०५३४२०.००
	प्रदेश सरकार अन्तर बित्तिय हस्तानतरण	१७५०००००.००	४.५	महिला तथा वालवालिका कार्यक्रम	७७४९६१.५०
८	**संघिय सर्शत अनुदान**	०	४.६	शिक्षा	५२६४८४७८.९४
८.१	आयुर्वेद	०	४.७	स्वास्थ्य	१८४२०२११.८९
८.२	कृषि	१०८७०००.००	४.८	राष्टिय ग्रामिण तथा नविकरणीय कार्यक्रम	९७१६९९.००
८.३	खेलकुद विकास कार्यक्रम	०	४.९	समाज कल्याण कार्यक्रम	०
८.४	पशु	१११९०००.००	५	प्रदेश सर्शत अनुदान	४५६९५८२.००
८.५	महिला तथा वालवालिका कार्यक्रम	८६१०००.००	६	स्थानीय पुर्वाधार विकास कार्यक्रम	४९४१०७५.००
८.६	शिक्षा	६५१५०६००.००	७	जेष्ठ नागरीक दिर्घ सम्मान (सा.सु.)	४४६०३०००.००
८.७	स्वास्थ्य	१९३८७०००.००	८	प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम	३०५०००.००
८.८	राष्टिय ग्रामिण तथा नविकरणीय कार्यक्रम	२९१४०००.००	९	सडक वोर्ड नेपाल	०
८.९	समाज कल्याण कार्यक्रम	०	१०	तराई मधेश समृद्ध कार्यक्रम	२४९५८७२.००
९	प्रदेश सर्शत अनुदान	५००००००.००	११	राष्टपति चुरे संरक्षण कार्यक्रम	४५७०२७४५.००
१०	स्थानीय पुर्वाधार विकास कार्यक्रम	४९८००००.००	१२	प्रधानमन्त्री रोजगार कार्यक्रम	३२१८८५२.००
११	जेष्ठ नागरीक दिर्घ सम्मान (सा.सु.)	४४६०३०००.००	१३	बहुक्षेत्रिय पोषण कार्यक्रम	११०८०००.००
१२	प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम	३०५०००.००	१४	यूनिसेफ	३४३६९८.००
१३	पर्यटन वोर्ड नेपाल	५०००००.००	१५	धरौटी फिर्ता	३१३१९०.९९
१४	यूनिसेफको अनुदान	१०८४६००.००	१६	सर्शत र हस्तान्तरित अनुदान रकम फिर्ता दाखिला	०
	तराइ मधेश सम्बृद्धि कार्यक्रम	२५००००००.००			०
१५	राष्टपति चुरे संरक्षण कार्यक्रम	४६५००००००.००	१७	**मौज्दात**	०
१६	प्रधानमन्त्री रोजगार कार्यक्रम	३४१३०००.००	१७.१	वैंक मौज्दात	३१९४९७९८.१८
१७	बहुक्षेत्रिय पोषण कार्यक्रम	१३५१०००.००	१७.२	नगद मौज्दात	०
१८		०	१८	धरौटी मौज्दात	३२७३५३८.०५
१९	धरौटी	३५८६७२८.०५	१९		०
	जम्मा	४०१७३१८९४.०४		**जम्मा**	४०१७३१८९४.०४

दफा नं.	लेखापरीक्षणबाट देखिएका ब्यहोरा	बेरुजु रकम
	संचित कोषको आय/व्यय हिसावको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नअनुसार रहेका छन् :	
२.	**बढी जिम्मेवारी** :गाउपालिकाको आर्थिक कार्यबिधि नियमित तथा ब्यबस्थित गर्न ऐन २०७४ को दफा ४. मा संचित कोषको लेखा अद्याबधिक रुपमा राख्नुपर्ने कर्तब्य र उत्तरदायित्व प्रमुख प्रशासकिय अधिकृत हुने ब्यबस्था छ । यस बर्ष गाउपालिकाले गत बर्षको बाकी मौज्दात रु.२७०१३५६४।९४देखाएकोमा यस बर्ष रु ३०११५४४२।९०.जिम्मेवारी सारेको छ । बढि जिम्मेवारी सारेको रु ३१०१८७७।९६ सम्बन्धमा थप एकिन गरी संचित कोषको लेखा अद्याबधिक गरिनु पर्दछ ।	
३.	**भौचर पेश नभएको:** एकिकृत आर्थिक बिबरणमा आ.ब. २०७४।०७५ को कर र सशर्त रकम फिर्ता गरेको भनि रु १४८८२२८८.८३एकिकृत आ.बि. मा खर्च लेखिएकोमा रु १४७५२११७।८३ को भौचर पेश भएकोले बाँकी भौचर पेश नभएको रु	१३०१७१.००
४.	**अनुदान फिर्ता:** :अर्थ मन्त्रालयको मिति २०७५ ।२ ।२७ मा स्थानिय तहलाइ दिएको आर्थिक बर्ष २०७५।७६ को अन्तर सरकारी बित्तिय हस्तान्तरण सम्बन्धि ब्यबस्था र मार्गदशनको बुदा ७ ले सशर्त,समपुरक र बिशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय सञ्चित कोषमा दाखिला गनुपर्ने व्यवस्था गरेकोमा देहाय बमोजिम सशर्त,समपुरक र बिशेष अनुदानको रकम रु१७८६११९२.६७असार मसान्तसम्म खर्च नभई देहाय बमोजिम स्थानीय सञ्चित कोषमै बाँकी रहेकोले संघीय सञ्चित कोष /प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु	१७८६११९२.६७

ब.उ.शि.नं	कार्यकमको नाम	बजेट	निकासा	खर्च	बाकी
	तराइमधेश सम्बृद्धि कार्यकम	२५०००००.००	२५०००००.००	२४९५८७२.००	४१२८.००
	राष्ट्पति चुरे संरक्षण कार्यकम	४६५०००००.००	४६५०००००.००	४५७०२७४५.००	७९७२५५.००
३७११०८३	प्रधानमंन्त्रि रोजगार कार्यकम	३४१३०००.००	३४१३०००.००	३२१८८५२.००	१९४१४८.००
	बहुक्षेत्रिय पोषण कार्यकम	१३५१०००.००	१३५१०००.००	११०८०००.००	२४३०००.००
	स्थनिय पुर्बाधार बिकास कार्यकम	४९८००००.००	४९८००००.००	४९४१८७५.००	३८१२५.००
	संघिय शसर्त अनुदान	०	०	०	०
	कृषि	१०८७०००.००	१०८७०००.००	४९५७१०.००	५९१२९०.००
	पशु	१११९०००.००	१११९०००.००	१०५३४२०.००	६५५८०.००
	महिला तथा बालबालिका	८६१०००.००	८६१०००.००	७७४९६१.५०	८६०३८.५०
	शिक्षा	६५१५०६००.००	६५१५०६००.००	५२६४८४७८.९४	१२५०२१२१.०६
	स्वास्थ्य	१९३८७०००.००	१९३८७०००.००	१८४२०२११.८९	९६६७८८.११
	राष्टिय ग्रामिण तथा नविकरणीय	२९१४०००.००	२९१४०००.००	९७१६९९.००	१९४२३०१.००
	प्रदेश सर्शत अनुदान	५००००००.००	५००००००.००	४५६९५८२.००	४३०४१८.००
	जम्मा	**१५४२६२६००.००**	**१५४,२६२,६००.००**	**१३६४०१४०७.३३**	**१७८६११९२.६७**

५.	**खर्च खाताको मौज्दात:**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७५ मा एक आर्थिक बर्षमा खर्च हुन नसकि बाकी रहेको रकम आर्थिक बर्षको अन्तमा गाउपालिकाको सञ्चितकोषमा स्वत ट्रान्सफर हुने ब्यबस्था भएकोमा गाउपालिकाले यस आर्थिक बर्षमा खर्च हुन नसकि बाकी रहेको रकम सञ्चितकोषमा स्वत ट्रान्सफर नगरी चालु खर्च खाता र पुजिगत खर्च खातामा मौज्दात राखेको देखिएको छ । ऐनको ब्यबस्था बमोजिम आर्थिक बर्षको अन्तमा खर्च हुन नसकि बाकी रहेको रकम गाउपालिकाको सञ्चितकोषमा दाखिला हुनुपर्दछ ।	
६.	**संचित कोषको कारोवार:** स्थानीय सरकारको संचित कोष खाता ननअपरेटीङ हुनु पर्दछ । यस खाताबाट चेक मार्फत कारोवार गर्न पाईदैन केवल ट्रान्सफर लेटर मात्र प्रयोग गर्नु पर्दछ । तर यस गाउँपालिकामा मूल संचित कोष खाताको चेक मार्फत समेत कारोवार भएकोले संचित कोष खाताको रकम झिक्न सकिने अवस्था देखिन्छ । यस्तो कमजोरी हटाई आन्तरिक नियन्त्रण व्यवस्था सुधार गर्न अविलम्ब ट्रान्सफर पद्दतीको	

	अवलम्बन हुनु पर्दछ ।	
७.	**खाता बन्द :** आर्थिक वर्षको अन्तमा श्रेस्ता व्यवस्थित गर्न, वार्षिक वित्तिय प्रतिवेदन तयारी गर्नका लागि बैंक खाता बन्द गरी हिसाब मिलान गर्ने व्यवस्था र प्रचलन विपरित फ्रीज नहुने मुल खाताबाट आर्थिक वर्षको अन्तिम दिन सञ्चित कोष शिर्षकबाट चालु खाता/तथ पुजिगत खातामा ट्रान्सफर गरी खर्च गरेको देखिन्छ । यसरी पहिलेको मिति राखी आर्थिक वर्ष सकिए पछि खर्च लेख्ने परिपाटीमा सुधार हुनुपर्दछ ।	
८.	**बैङ्क हिसाब समायोजन:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले आर्थिक कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको २०७६ आषाढ मसान्तमा स्रेस्ता र बैंकको मौज्दात फरक देखिएकोमा बैंक हिसाब समायोजन विवरण (म.ले.प.फा.नं.१५) तयार गरेको देखिएन । गाउँपालिकाको श्रेस्ता अनुसार सञ्चितकोषको मौज्दात रु ३१९४९७९८.१८.देखिएकोमा वैंक अनुसार रु१०५९५१२९३.५८मौज्दात देखिएको छ । श्रेस्ता भन्दा रु ७४००१४९५.४ वैंक बढि भएकोमा वैंक हिसाव समायोजन विवरण तयार गरी एकिन गरी आम्दानी बाध्नुपर्ने देखिन्छ । बैकको नाम | खातानंवर | बैक अनुसार आषाढ मसान्तको मौज्दात जनता बैक | ११२००९०६१३७२२०१ संञ्चित कोष | ५५६४०.१७ जनता बैक | ११२००९०६१३७२२०३ चालु खर्च खाता | १६३०७७९३.२७ जनता बैक | ११२००९०६१३७२२०४ पुजिगत खर्च खाता | ८९५८७८६०.१४ जम्मा | | **१०५९५१२९३.५८**	
९.	**विद्युतिय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने ब्यबस्था भएको र महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा Sub National Tresury Regulatory application (SUTRA) सवै पालिकाहरुलाई उपलब्ध गराई २०७५।४।१ देखिनै SUTRA प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था गरेको भएपनि यस गाउँपालिकाले २०७५।७६ मा SUTRA प्रयोग गरी लेखा राखेको देखिएन ।	
१०.	**लेखा ढाँचाको प्रयोग** : नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघिय कानुन बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । त्यसैगरि आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ। सोहि अनुसार एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिम संघ, प्रदेश र स्थानीय तहकाफारामहरुमहालेखापरीक्षकबाट स्वीकृत भएको छ। स्वीकृत ढाँचाको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचित कोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान) भुक्तानी दिन बाँकीको विवरण, फिर्ता गर्न बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष यस गाउँपालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन ।साथै यस बर्ष एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ बमोजिम बजेट सिट (म.ले.प.फ.नं ८) तयार.गरी सो बमोजिम सबै उपशिर्षकको खर्चको फाटबारी (म.ले.प.फ.नं १३) ,पेश्की बाकीको बिबरण (म.ले.प.फ.नं १४) र बैक हिसाव मिलान बिबरण (म.ले.प.फ.नं १५) प्रतिबेदन नगरेकोले .स्विकृत बजेट बमोजिम यथार्थ खर्च भए नभएको एकिन गर्न सकिएन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन गरी आर्थिक अनुशासन पालना हुनु पर्दछ ।	
११.	**सञ्चित कोषको चौमासिक विवरण** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन ।	

तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ ।

१२. **कर दायित्व:**बैक नगदी किताबको बिबिध खातामा २०७६ आषाढ मसान्तमा दाखिला गर्न बाकी देखिएको कर रु **५१८९५८**राजश्वको सम्बन्धित शिर्षकमा दाखिला गर्नुपर्ने रु ५१८९५८.००

बिबरण	**दाखिला गर्न बाकी कर**
पूजिगत	२२९५.००
युनिसेफ	७२०.००
पशु कृषि महिला	२६३४७.००
फर्निचर	३३७०९.००
पशु कृषि महिला	४०४७.००
तराइ मधेश	३६३८.००
प्रदेश सरकार	४४८२०२.००
जम्मा	**५१८९५८.००**

१३. **सञ्चित कोषमा दाखिला** : स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गरिनु पर्दछ ।

१४. **आवधिक योजना:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(१) मा गाउँपालिकाले आफैनो अधिकार क्षेत्रका भित्रका बिषयमा स्थानिय स्तरको बिकासका लागी आबधिक,रणनैतिक बिषय क्षेत्रगत मध्यकालिन तथा दिर्धकालीन योजना बनाइ लागुगर्नुपर्ने ब्यबस्था भएकोमा ऐन लागू भएको २ बर्ष ब्यतित हुदा पनि आवधिक योजना तयार गरेको पाइएन । ऐनमा भएको ब्यबस्था वमोजिम प्राथमिकताका क्षेत्र निर्धारण गरी आवधिक योजना तयार गरीनुपर्दछ ।

१५. **मध्यकालिन खर्च संरचना** : अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन । खासगरी स्रोत छर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लाभलागत विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न गाउँपालिकाले ध्यान दिनु पर्दछ ।

१६. **स्थानिय राजश्व परामर्श समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजश्वका श्रोत दर दायरा समेत बिश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजश्को अनुमान गर्न समेत राजश्व परामर्श समिति रहने ब्यबस्था रहेको र समितिको बैठकमा सम्बन्धित क्षेत्रको विज्ञ तथा सरोकारवालाई समितिको बैठकमा आमन्त्रण गर्न सकिने व्यवस्था गरेको छ । यस वर्ष राजश्व परामर्श समितिको बैठक पटक पटक बसेको देखिन्छ । गाउपालिकाको राजश्व परामर्श समितिले आफ्ना निर्णयहरु प्रभावकारी बनाउन परामर्श समितिको बैठक सञ्चालन कार्यविधी हालसम्म पनि नबनाएको पाईएको हुँदा उक्त कार्यविधि बनाउनु पर्दछ । साथै स्थानिय आयश्रोतको लागी सार्बजनिक पोखरी तथा अन्य श्रोतको लगत अद्याबधिक गरीनुपर्दछ ।

१७. **स्रोत अनुमान तथा बजेट सीमा**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याइए तापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ

।

१८. **बार्षिक बजेट स्विकृतिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । गाउँसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण कानूनले निर्धारण गरेको मिति भन्दा दुइ महिना २६ दिन पछि अर्थात मिति २०७५।०६।२६ मा मात्र स्वीकृत गरेको छ । आगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्ने व्यवस्था गर्ने तर्फ ध्यानाकर्षण गरिएको छ । यो वर्ष सरोकारवाला समेतको सभाले देहाय वमोजिमको आय तथा व्ययको अनुमान पेश गरेको छ :

गाउँपालिकाले यो वर्ष पूँजीगत कार्यक्रम अन्तर्गतका गाउँकार्यपालिका र ६ वटा वडा तर्फ गरि कुल १८५ योजनामा रु.६ करोड ७० लाख ५ हजार बजेट बिनियोजन गरेको छ भने सशर्त,निशर्त आन्तरीक श्रोत गरी चालुतर्फ रु २० करोड १६ लाख ८० हजार गरी कुल रु.२६ करोड, ८६ लाख ८५ हजारको आय-व्ययको अनुमान पेश गरी पारीत गरेको देखिएको छ । चालु बजेट भन्दा पुजीगत बजेटमा बढी बजेट विनियोजन गर्ने तर्फ गाउँकार्यपालिकाले ध्यान दिनुपर्दछ ।

१९. **चालु प्रकृतिका खर्चलाई पूँजिगतमा विनियोजन** : वर्षभरमा कार्य सम्पादन गरी कार्यान्वयनमा ल्याउने पूँजिगत प्रकृति जून आगामी दिनमा प्रतिफल दिन्छ त्यस्तो योजना छनौट गरी समग्र गाउँपालीकाको पूँजिगत संरचना सम्वन्धि स्थायीत्व प्रदान गर्न आमूलरुपले प्रतिफल दिने र पुँजिको निर्माण हुने एवं वस्तु तथा प्राप्त भएको सेवा र उपलब्धीका उपयोगिताको सिर्जना हुने गरी पूँजिगत योजना छनौट गर्नुपर्नेमा पूँजिगत वजेटमा चालु प्रकृतिका विशुद्धरुपले उपयोगिता नदिने योजना छनौट गरी कार्यान्वयनमा ल्याईनू उचित देखिएन । आर्थिक वर्ष २०७५।७६ मा स्वीकृत भएका योजना पूर्ण रुपले पूर्वाधार विकास सँग सम्वन्धित देखिएनन । जात्रा, सम्मान, यात्रा, जागरण, भ्रमण, महोत्सव, खेलकुद, म्यूजिक, लगायतका प्रतिफल विहिन योजना छनौट गरी पूँजिगत वजेट वाट यस्ता कार्यक्रम संचालन गरिनू उपयूक्त हुदैन । यस्ता कार्यक्रमवाट वस्तुमा उपयोगिताको सिर्जना नगर्ने हुदाँ पूँजि निर्माण हुने संभावना न्यून रहने गर्दछ । पूँजिगत वजेटमा चालु प्रकृतिको खर्च गरिनूले मूल्यको सार्थकता नरहने र अनुदानको समावेशी विकास पनि हुन नसक्ने स्थितिले समग्र पूर्वाधार विकासमा असर परेको छ । चालु प्रकृतिका वितरणकारी खर्चलाई प्रश्रय नदिन र आगामी दिनमा यस्ता कार्यक्रम नियन्त्रण गर्न गाउँपालीका गंभिर वन्न आवश्यक पुर्वधार बिकास गर्नुपर्ने बजेटबाट यस्ता कार्यमा गरेको खर्च नियमित मान्न सकिएन ।

कार्यक्रम	वडा नंवर	बजेट
समाजिक परिचालक प्रोत्साहन भत्ता	१	४००००
पैश्की बेरुजु फस्यौट कार्यशाला	१	२५०००
धार्मीक कार्यक्रमको ब्याबस्थापन तथा अनुदान सहयोग	१	२०००००
सामाजिक सेबा अनुदान	१	१०००००
सामाजिक तथा आर्थिक सहयोग र वडा ब्यबस्थापन	२	२०००००
वडा कार्यलय ब्यबस्थापन	२	१०००००
सुचना केन्द्र ब्यबस्थापन तथा संञ्चार	२	५००००
सामाजिक परिचालन प्रोत्साहन भत्ता	३	४००००
बिबाह पञ्चमीमा कुस्ती	५	२७५०००
वडा कार्यलय ब्यबस्थापन	६	१५००००
बिपन्न बर्गका लागी औषधि उपचार सहयोग	गाउँस्तरीय	५५००००
दशैपुजा,दुर्गापुजा	गाउँस्तरीय	३०००००
सामाजिक सहायता	गाउँस्तरीय	१००००००
	जम्मा	**३०३००००**

२०. **योजना छनौटः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा

सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएको देखिएको छ । योजनाको संख्या धेरै हुंदा गाउँपालिकाको जनशक्ति वर्षैभरी योजना व्यवस्थापनमा लाग्नु पर्ने तथा प्राविधिक कर्मचारीलाइं कार्यसम्पादनमा कठिनाइं भईं त्यसको गुणस्तरमा समेत प्रभाव पर्ने देखिएको छ । स्विकृत बार्षिक बजेट भित्र यस बर्ष रकमगत योजना छनौटको अबस्था देहाय बमोजिम देखिएको छ ।

सि.नं.	विवरण	बजेटमा योजना संख्या
२	५० हजार देखि १ लाख सम्मका	५२
३	१ देखि २ लाख सम्मका	४७
४	२ देखि ३ लाख सम्मका	२५
५	३ देखि ४ लाख सम्मका	११
६	४ देखि ५ लाख सम्मका	२२
७	५ देखि १० लाख सम्मका	२३
८	१० लाख भन्दा माथिका	५
	जम्मा	१८५

२१. **कार्यक्रम तथा योजना संशोधन -** आवश्यकता, प्राथमिकीकरण र पहिचानको आधारमा योजना छनौट गरिनुपर्ने व्यवस्था छ । गाउँपालिकाको २०७५।०६।२६ गतेको सभावाट स्वीकृत गाउँस्तरिय तथा वडा नं. १ देखि ६ सम्म वडास्तरिय योजना मध्ये कतिपय योजना तेश्रो गाउँसभा तथा कार्यपालिकाको निर्णयबाट मर्जर तथा संशोधन गरी कार्यगरेको देखिन्छ । योजना मर्जर गर्ने, संशोधन गर्ने, छुट्याउने स्थितिले योजनाको आवश्यकता र प्राथमिकीकरण निर्धारण प्रक्रिया उपयुक्त देखिएन । काबुबाहिरको परिस्थिति सिर्जना नभई आर्थिक बर्षको बिचमा अघिल्लो सभाले स्वीकृत गरेको योजना परिवर्तन गर्नु उपर्युक्त होइन । अत: स्वीकृत योजना थपघट गरी संशोधन गर्ने स्थितिमा नियन्त्रण गर्नु आवश्यक छ ।

२२. **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिव अधिकृत स्तरको भए कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को आय व्ययको प्रक्षेपण २०७५ असोज २६ मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र नै प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गराएको छ ।

२३. **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । गाउँकार्यपालिकाले सञ्चालन गरेका गाउँस्तरिय,वडास्तरीय र बहुबर्षिय आयोजनामध्ये सबै आयोजनाहरुको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन ।

कार्यक्रम/ क्रियाकलापको नाम	गर्नुपर्ने कामको परिमाण	सम्पन्न कामको परिमाण	प्रगति प्रतिशत	प्रगति हुन नसक्नुको कारण
समानिकरण	१८५	१४६	७८.९१	

२४. **योजना कार्यन्वयन स्थिति :** गाउँपालीकाको २०७५।६।२६ को सभावाट आर्थिक वर्ष २०७५।७६ मा आन्तरिक श्रोत लगायत वित्तिय समानीकरण अनुदान समेतवाट विभिन्न ६ वडामा गाउस्तरिय, वडा स्तरिय योजना र बहुबर्षिय योजना स्वीकृत गरेकोमा उपभोक्ता मार्फत देहाय बमोजिमका योजना कार्यन्वयनमा आएको देखिन्छ ।

बिबरण	स्विकृत योजना संख्या	पहिलो चौमासिकमा सम्झौता संख्या	दोश्रो चौमासिकमा सम्झौता संख्या	तेश्रो चौमासिकमा सम्झौता संख्या	जम्मा सम्झौता संख्या	सम्पन्न भएका योजना संख्या
गाउँ स्तरीय	३१	३	१५	११	२९	२७
वडा स्तरीय	२५४	११	५८	६२	१३१	११९
बहुबर्षिय	०	०	०	०	०	०
	१८५	१४	७३	७३	१६०	१४६

बजेट अनुसार योजना योजना स्विकृत भएपनि निर्धारित समयमा सम्झौता गरी कार्यान्वयन नगर्ने अबस्थाले यस बर्ष पनि संचित कोषमा रकम वचत रहेको देखिएको छ । स्वीकृत १८५ योजना मध्ये १४६ योजना.मात्र सम्पन्न देखिएकोले ७८.९१प्रतिशत प्रगति देखिएको र स्विकृत भएका योजनामध्ये अधिकांस योजनाहरु पहिलो तथा दोश्रो चौमासिकमा सम्झौता गरीसक्नुपर्नेमा तेश्रो चौमासिकमा समेत ७३ वटा योजनाहरुको सम्झौता भएको देखिएकोले योजना कार्यान्वयनमा हतारमा कार्य भइ गुणस्तरीयता नहुन सक्ने र बाकी २५ वटा योजनाको आर्थिक बर्ष भित्र योजना सम्झौता हुन नसकि कार्य नभएकोले बजेट रकम वचत भएको हुदा सार्बजनिक पूँजि निर्माण नभएको कारणले नागरीकलाइ Time Value of Money को लाभ बेलैमा प्राप्त नहुने हुदा, समग्र उत्पादक्त्वमा ह्रास आउने देखिएको छ ।

२५. **चौमासिक खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा उपलव्ध विवरण अनुसार देहाय बमोजिम प्रथम चौमासिकमा २.४६ प्रतिशत, दोश्रो चौमासिकमा ६.९८ प्रतिशत र तेश्रो चौमासिकमा.९०.१४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा ७४.४१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।

बजेट उपशीर्षक	कुल खर्च	चौमासिक खर्च			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
बित्तिय समानिकरण	६१२७४२२०	२४००३६०.००	६०२२७९८.००	५२८५१०६२.००	४०३९९४५२.८
योजना	१७८४३८४३.५६	२१४३६१	३३९२८०१,५७	१३६३६६८०.९९	२५४११४७.००
पूर्वाधार	४८८७८२३	१७०००००.००	२५१६८२३	६७१०००	६६१०००
लक्षित त्रर्ग	११७५९४३२	०	०	११७५९४३२	९७५९६५८.
स्थानिय पूर्वाधार	४९४१०७५	०	०	४९४१०७५	४५१५४७५.००
तराइ मधेश	२७३८३७२	०	०	२७३८३७२	२७३८३७२
प्रदेश सरकार	२१७७४२६५	०	०	२१७७४२६५	२०८७४२६५
राष्ट्पति चुरे	४५७०२७४५	०	०	४५७०२७४५	४५७०२७४५
जम्मा	**१७०९२१७७५.५६**	**४३१४७२१**	**११९३२४७९**	**१५४०७४६३१.९९**	**१२७१९२११४.८**
प्रतिशत		२.४६	६.९८	९०.१४	७४.४१

२६. **मौजुदा सूची तयार** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ६क बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा (६) दफा ४१ को उपदफा (१) को खण्ड (क) र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १०(२) बमोजिमको योग्यताको आधारमा छुट्टाछुट्टै सूची तयार गर्नु पर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले त्यसरी मौजुदा सूची तयार गरेको छैन । यसले गर्दा कार्य विशिष्टीकरणको आधारमा खरिद प्रकिया नहुने तथा उपयुक्त योग्यता र क्षमता नभएकाबाट समेत सेवा प्राप्त गर्दा गुणस्तरीय सेवा प्रवाह नहुने देखिन्छ । तसर्थ कानूनको पालनामा कार्यालयले ध्यान दिनु पर्दछ ।

२७. **खरिद योजना तथा इकाई** : सार्वजनिक खरिद ऐन, २०८३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढि रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र बार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । गाउपालिकाले यो वर्ष बार्षिक खरिद योजना तयार गरेको नदेखिएकोले बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको कुनै योजना नहुँदा आवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको विपरित तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा विधी विपरित हुन गएको, खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले गाउपालिकाले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी खरिद इकाई गठन गरेको देखिएन । खरिद इकाई गठन नहुँदा खरिद कार्यको कमिकमजोरी हटाई मालसामान, निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ । तसर्थ व्यवस्थित खरिद कार्यको लागि खरिद इकाई गठन गर्न कार्यालयले ध्यान दिनु पर्दछ ।

२८. **कानुन निर्माण र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम,

	निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यो वर्ष गाउँपालिकाले तर्जुमा गरेका निम्न कानुनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् :	

सि.नं.	कानूनको नाम	राजपत्रमा प्रकाशित मिति
१.	शैक्षिक व्यवस्थापन कार्यबिधि २०७५	२०७५।६।२९
२.	रुपनी गाउपालिकाको सहकारी ऐन २०७५	२०७५।६।२९
३.	न्यायीक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यबिधि सम्बन्धमा बनेको ऐन २०७५	२०७५।६।२९
४.	रुपनी गाउपालिकाको आथिक कार्यबिधि नियमित तथा ब्यबस्थि तगर्न बनेको कानुन २०७५	२०७५।६।२९

त्यस्तै यस गाउपालिकालाई अतिआवश्यक पर्ने कानुनहरु एकिन गरी ऐन बनाएको पाइएन ।

२९. **न्यायिक समिति** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउपालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।

गत बर्षको जिम्मेबारी	दर्ता भएका विवाद	फछ्र्यौट भएका विवाद	क्षेत्राधिकार अभाव देखिएका	फछ्र्यौट हुन बाँकी विवाद
२०	१५६	३२	३	१४१

उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३०. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । स्थानीय तहको कार्यसञ्चालन भित्र पूर्वाधार निर्माण, शिक्षा, सामाजिक सुरक्षा, कृषि तथा पशु, स्वास्थ्य, कर तथा शुल्क, न्याय सम्पादन, बजेट नीति तथा योजना लगायतका कार्यसम्पादन गर्न विषयगत क्षेत्र समेटिएको वित्तीय समानीकरण अनुदान, सशर्त तथा विशेष अनुदान प्रदान भएको अवस्था छ ।.गाउँपालिकाले समायोजन पछि कार्यक्रम, कार्यवोझ, कार्यप्रकृतिका आधारमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरेको छैन ।

३१. **कर्मचारी व्यवस्था** :निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित कर्मचारी दरवन्दी २९ रहेपनि संघिय सरकारबाट सरुवा १५ साबिक स्थानिय निकायमा कार्यरत ३ भई ११ पद रिक्त रहेका छन । ति मध्ये ३ जना करारमा राखि कार्य संचालन गरिएको छ । रिक्त पदहरु पदपुर्ती गर्ने तर्फ कुनै कारवाही गरेको देखिएन ।

३२. **सेवा करार** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा गाउपालिकाका , नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा बाहेकका अन्य पदमा सेवा करारबाट पदपूर्ती गर्न नपाउने उल्लेख छ। गाउँपालिकाले सेवा प्रवाहको लागि आवश्यक भएको भनी विभिन्न मितिमा सम्झौता गरी आई.टी.इन्जिनियर १, सब ईन्जिनियर २, सामाजिक परिचालक ५, खरिदार १, कार्यक्रम सयोजक १ ,रोजगा संयोजक १ , अनमि २, अमिन १ र कानुनि सल्लाहाकार १ लगायत कार्यालय सहयोगि समेत नियुक्ती गरेको पाइयो । नियुक्ती भएका मध्ये आई टी ईन्जिनियर LGCDP अन्तर्गत लिएका,रोजगार संयोजक मंत्रालयबाट र खरिदार साविक गा.वि.स देखिनै लिएको कार्यालयको भनाई रहेको छ । करारका कर्मचारीलाई करार सेवामा कार्य गराउँदा सार्वजनिक खरिद नियमावली, २०६४ को सेवा करारमा लिने सम्बन्धी कार्यविधि नियम ९५ को पालना नभएकोले सो पालना गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

३३. **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ ।आन्तरिक नियन्त्रण प्रणाली लागु नहुँदा निकायगत कामको प्रकृति अनुरुप आबश्यक कुराको व्यवस्था र त्यसमा नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान,सुचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषय समेटिने स्थिति रहेन ।

३४. **आन्तरिक लेखापरीक्षण** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र

प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्रै आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।यस गाउँपालिकालेब.उ.शि.न३६५०१५३,३६५१६०३,३६५१५८३,३६५८४७३, ३२९१४४३,३६५८५२४ र ३७११०८३ मा विनियोजित बजेटकोमात्र आन्तरिक लेखापरीक्षण गराएको देखियो । गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा नतोकेको र उल्लेखित बाहेक अन्य बजेटको आन्तरिक लेखापरीक्षणसमेत गराएको देखिएन । आन्तरिक लेखापरीक्षण नहुँदा अनियमितताको परीक्षण, श्रेस्ताको जोडजम्मा लगायतमा हुने आन्तरिक नियन्त्रण कमजोर भएको छ । आन्तरिक लेखापरीक्षण गराई कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ ।

३५. **सम्पत्तिः**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४६ मा सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने, नियम ५३(४) मा कार्यालयमा जिन्सी मालसामान सम्बन्धी अनियमितता देखिएमा सम्बन्धित विभागीय प्रमुखले आवश्यक कारबाही गरी जिन्सी मालसामानको लगत राख्न, मर्मत, सम्भार तथा संरक्षण गर्न लगाउनु पर्ने व्यवस्था रहेको छ । यस गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुमा रहेका सम्पतिहरुको विवरण देहाय अनुसार छ ।

खर्चभएरनजानेसम्पतिको नाम	विवरण	खरिद रकम रु.
जग्गा	गा.पा.कोअनुमानित ४.५ कठा साविक रायपुर गा.बि.स बाट अधिग्रहण भएको पुर्जा नभएको,३ नं वडाको १ कठा दिनारामभद्रि गुठिको सार्बजनिक जग्गा, ५ नं वडाको १कठा १८ धुर पुर्जा नभएको, ६ नं वडाको सार्बजनिक अनुमानित ३ कठा	मुल्य नखुलेको
भवन	गा.पा.तर्फ १ गा.पा.भवन र १ सामुदायिक भवन निर्माणधिन,वडा ३ को १ पुरानो गा.वि.स भबन र १ निर्माणधिन, वडा नं ४ को स्वस्थ्य संस्थाको भबन,वडा ५ को स्वास्थ्य चौकि र पुरानो गा.वि.स भवन ,वडा ६ को साविक पुरानो गा.वि.स भवन १	मुल्य नखुलेका

क्र.सं.	सवारी साधन	खरिद संख्या	मूल्य	प्रयोग गर्नेपदाधिकारी संस्था
१	स्कारपियु स१भ्ह ५१८	१	४९६१०००	अध्यक्ष हरेराम यादव
२	मोटरसाइकल स १ ब १११	१	३०९९००	वडा अध्यक्ष पिताम्बर यादव
	स्कुटर स१ ब १११५	१	१८९९००	उपाध्यक्ष बेचनी कुमारी सरदार
	मोटरसाइकल स १ ब११०५	१	२४२९००	बडा अध्यक्ष दानालाल साह
	मोटरसाइकल स १ ब ११०६	१	२४२९००	बडा अध्यक्ष अमर मुखिया
	मोटरसाइकल स १ ब ११०७	१	२४२९००	बडा अध्यक्ष छेदी इशर
	मोटरसाइकल स १ ब १११२	१	२४२९००	बडा अध्यक्ष जगदिश दास
	मोटरसाइकल स १ ब १११६	१	२६५९००	बडा अध्यक्ष गोबिन्द सिंह थापा
	मोटरसाइकल स १ ब ४९६	१		बडा सचिव बिरेन्द्र मेहेता
	मोटरसाइकल स १ ब ५३०	१		बडा सचिव रामअवतार यादव
	मोटरसाइकल स ७ प २७५९	१		बडा सचिव फणिन्द्र कुमार कर्ण
	मोटरसाइकल स १ ब १११३	१	२४२९००	स.इ. शम्भुनाथ मण्डल
	मोटरसाइकल स १ ब ११०९	१	२४२९००	स.इ. प्रविन कुमार यादव
	मोटरसाइकल स १ ब ११०८	१	२४२९००	रोजगार संयोजक राजेश्वर प्रसाद यादव
	मोटरसाइकल स १ ब १११०	१	२४२९००	स्वास्थ्इ संयोजक राम नारायण यादव
	मोटरसाइकल स १ ब७१९	१		लेखापाल रामानन्द चौधरी
	मोटरसाइकल प्रदेश २।०१।००१ ब ००१६	१	२४९९००	बास संयोजक मिथिलेश कुमार यादव
	मोटरसाइकल को २५ प २९६९	१		अमिन कृष्णा इशर
	मोटरसाइकल स १० प ३६५९	१	२५९९००	गा.पा. अध्यक्ष हरेराम यादव
	मोटरसाइकल प्रदेश २।०१।००१ ब ००१५	१	२२४९००	का.पा. सदस्इ ज्ञानेन्द्र इशर
	मोटरसाइकल प्रदेश २।०१।००१ ब ००१७	१	१७९८९९.९९	न्यायिक समितिको सदस्य गुणेश्वर प्रसाद सन्त

उल्लेखित बिबरण आधारमा अबलोकन गर्दा गाउपालिकाले आफ्नो स्वामित्वमा रहेको जग्गाको कानुन अनुसार जग्गाधनि पुर्जा नलिएको,सार्बजनिक जग्गामा आफ्नो भवन बनाउदा नेपाल सरकारबाट भोगचलन

	स्विकृती लिएको देखिएन । साथै सवारी साधन प्रयोग गर्दा म.ले.प.फा.नं २ अभिलेख नराखेको र सरकारी सवारी साधन निजि नंम्बरमा समेत प्रयोग भएको देखिएको छ ।	
३६.	**जिन्सी निरीक्षण:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६,४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वयं वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्नेमा यस बर्ष जिन्सी निरीक्षण गरेको पाइएन ।	
३७.	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अध्यावधिक नगरेकोले एकिन गरी कार्यान्वयन गर्नुपर्दछ ।	
३८.	**विभाज्य कोष** :अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ (१) मा नेपाल सरकार, प्रदेश र स्थानीय तह बिच सङ्घीय कानून बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रोयल्टीबाट प्राप्त रकम सो कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । त्यसैगरी दफा ७ (२) मा उपदफा (१) बमोजिमको कोषमा रहेका रोयल्टीको बाँडफाँड नेपाल सरकारले अनुसुची-४, मा कुल रोयल्टी रकमको ५० प्रतिशत सङ्घीय सरकारमा र प्रदेश र स्थानीय तह लाई २५/२५ प्रतिशत विभाजन गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले हालसम्म पनि विभाज्य कोष खडा गरेको छैन । गाउँपालिकाले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम संघीय विभाज्य कोष खडा गरी प्राकृतिक स्रोतको उत्खनन् तथा निकासी बापत असुल भएको आय उक्त कोषमा जम्मा गर्ने व्यवस्था गर्नु पर्दछ । अत गाउपालिकाले यसतर्फ ध्यान दिनु पर्ने देखिन्छ।	
३९.	**राजश्व अभिलेख:** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस कार्यालयले आ.व. ०७५।७६ मा बिभिन्न शिर्षकमा ११९९०९४.८१ आम्दानी गरेको देखिन्छ भने गाउपालिकाले म.ले.प.फा.नं. २३ र १०८ को प्रयोग गरी अभिलेख व्यवस्थित गर्नुपर्नेमा गरेको देखिएन । यस्तो अवस्थामा अविलम्ब सुधार गर्नुपर्दछ ।	
४०.	**करदाताको अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा गाउपालिकाले आफ्नो क्षेत्रभित्र ब्यापार, ब्याबसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा ब्यबसाय कर लगाउने ब्यबस्था छ । त्यस्तै ऐनको दफा ५५,५६,५७,५९,६०,६१ र ६२ मा गाउपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गामा सम्पत्ति कर, जग्गाको उपयोगमा भुमिकर(मालपोत), कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी वहालमा वहाल कर, आफुले निर्माण, रेखदेख र संञ्चालन गरेको हाट बजार, पसल र जग्गामा वहाल विटौरी शुल्क, पार्किङ शुल्क, जडिबुटी, कवाडी र जिबजन्तु कर, सेवा शुल्क आदी लगाउन सक्ने ब्यबस्था भएपनि करदाताको अभिलेख ब्यबस्थित रुपमा राखेको पाइएन ।	
४१.	**व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका कममा गाउपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाउपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ ।	
४२.	**मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा गाउपालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउपालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।	

४३. **रसीद नियन्त्रण खाता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । गाउपालिकाले राजश्व असूलीमा प्रयोग हुने रसिद को छपाई एवं गत विगतको बाँकी र यो वर्ष खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा वडाहरुमा पठाएको रसिदको आम्दानी खर्च (उपयोग) खुल्ने अभिलेख रसीद नियन्त्रण खाता अद्यावधिक नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ।

४४. **आयको ठेक्का सम्झौता** आ. ब. २०७५।७६ मा यस गाउपालिकाले आन्तरिक आयका लागि बडा नं. ५ का बिभिन्न पोखरीहरु ठेक्का लगाइएको देखिएको छ। तर गाउपालिका र दोस्रो पक्ष बीच भएको सम्झौता अनुरुप कुनै पनि किस्ता नबुझाइएकोले असुल गर्नुपर्ने देखिएको रकम रु

पोखरीको नाम	सम्झौता मिति	दोस्रो पक्ष	ठेक्का रकम	किस्ता रकम
राधा मन्दिर छेउको पोखरी	२०७५।७६ देखि २०७७।७८	सुगम्बर यादव	१५१०००	५०३३३.३३
डबरा पोखरी	२०७५।७६ देखि २०७७।७८	सुगम्बर यादव	४५०००	१५०००
महादेव मन्दिर छेउको पोखरी	२०७५।७६ देखि २०७७।७८	सुगम्बर यादव	११०००	३६६६.६७
		जम्मा		६९०००

६९०००.००

४५. **लेखापरीक्षण नभएको :** आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम गाउँपालिकाले राजश्व लगायत सबै प्रकारको कारोबार तथा खर्चको लेखा तयार गर्नुपर्ने ब्यबस्था भएकोमा तयार भएको लेखा स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम लेखापरीक्षणमा पेश नभएकोले आय एकिन नभएको रु.

वडानं.	बिबरण	बैकमा दाखिला देखाएको रकम
गाउकार्यपालिका	नगदी रसिद तथा राजश्व असुलि खाता	१४१८९९.७९
	जम्मा	१४१८९९.७९

१४१८९९.७९

४६. **सभाको निर्णय कार्यान्वयन** - मिति २०७५।६।२६ मा सम्पन्न गाउँसभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Fallow up Registerअभिलेख राखेको नदेखिंदा सभाद्वारा भएको निर्णयको कार्यान्वयन स्थिति विश्लेषण गर्न सकिएन । अत: तत्सम्बन्धी अभिलेख एवं प्रमाण व्यवस्थित गर्नुपर्दछ ।

४७. **सम्पत्ति हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको,सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सार्ने गरेको पाइएन । गत बर्षको प्रतिबेदनमा औल्याएकोमा हाल सम्म पनि बिगतको गाउ बिकास समितिमा रहेका र थप खरिद गरिएका जिन्सी मालसामान जिन्सी किताबमा आम्दानी बांधी जिन्सी निरिक्षण गरी गराइ गाउपालिकाले एकिकृत जिन्सी अभिलेख तयार गरी राखेको देखिएन । यसरी जिन्सी मालसामानको आम्दानी र एकिकृत अभिलेख नहुदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका र हस्तान्तरण भइ आएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

४८. **सेवा प्रवाहको स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ स्थानीय सरकारको काम, कर्तव्य र अधिकारको सम्वन्धमा व्यवस्था गरेको छ । यस वर्ष गाउपालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहलाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउन गाउपालिकाले पर्याप्त ध्यान दिनुपर्दछ ।

सि.नं.	विवरण	जम्मा
१	स्वीकृत घर नक्सा दर्ता	१
२	अस्थायी इजाजत प्रदानLower Tie Bim Level	०
३	निर्माण सम्पन्न सिफारीस	१
४	नक्सा पास नभएका पुराना घरहरुको अभिलेखिकरण दर्ता	१
५	नक्सा पास नभएका पुराना घरहरुको अभिलेखिकरण	१

	पञ्जिकरण तर्फ	
६	जन्म दर्ता	१७५८
७	मृत्यू दर्ता	२४७
८	बसाइ सराइ	४५
९	बिवाह दर्ता	६००
	पूर्वाधार विकास तर्फ	
१०	सडक बत्ति	७५
११	खानेपानी टंकी निर्माण (गोटा)	०
१२	ग्रावेल (मिटरमा)	५६२२
१३	पुल कल्भर्ट (गोटा)	९
१४	सडक पोल (गोटा)	९६
१५	ट्रस भवन	०
१६	नयाँ सडक विस्तार (मिटरमा)	६४६.२
१७	बृद्धाश्रम भवन -गोटा)	०
१८	मन्दिर(गोटा)	५
१९	ग्यबियन बाल मिटर	७७०
२०	भवन मर्मत -वटा	४
२१	सडक मर्मत मिटर	८२५
२२	स्यालो टयुबेल -गोटा)	३४
२३	ढ्रन्सफरमर खरिद गोटा)	१
२४	ह्यम पाइप मिटर	७७.५
२५	बाउण्डी वाल निर्माण मिटर	२४३.१३
२६	काडेतार पोल घेरबारा मिटर	०
२७	बायो ग्यास प्लान्ट गोटा)	१०
२९	टयुवेल गोटा)	४०

४९. **सामाजिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम हरेक स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरी बित्तीय जवाफदेहितालाई प्रभावकारी बनाउने व्यवस्था छ । सञ्चालित योजना सूचना पाटी, आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा गाउँपालिकाले यस बर्ष योजना संचालन गरेकोमा सबैले सामाजिक लेखापरीक्षण गरेको देखिएन । नियममा भएको व्यवस्था पालना गर्नुपर्दछ

५०. **जग्गा उपयोग मापदण्ड** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस गाउपालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।

५१. **राष्ट्रिय भवन संहिता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय भवन संहिताको अधिनमा रही थप मापदण्ड समेत बनाई लागू गर्न सक्ने व्यवस्था छ । भवन संहिता पालनालाई पालिकाले कार्यान्वयनमा ल्याएको छैन । भवन संहिता कार्यान्वयन गर्न पालिकामा साधन र स्रोत नरहेको, सम्बन्धित मन्त्रालयले संहिता लागू गर्ने सक्रियता नदेखाएको, मापदण्ड विपरीत भवन निर्माण भएको, नक्सा पास नगरी भवन निर्माण गरेको, सर्वसाधारण जनताले संहिता पालना गर्नुभन्दा जरिवाना तिर्न

	सहज मानेको, भवन डिजाइन र निर्माणमा एकै प्राविधिकको संलग्नता रही दोहोरो जाँचको व्यवस्था समेत नरहेको अवस्था छ। भवनको नक्सा पास गर्दा भवन संहिताको पालना गर्नुपर्दछ।	
५२.	**सार्वजनिक जग्गाको संरक्षण** स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा गाउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबार्याका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र, तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको देखिएपनी त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख तथा Digitize गरी रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको देखिएन ।साथै गाउपालिकामा सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख नराखिएको कारणबाट सार्वजनिक,पर्तिको रुपमा रहेका जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे नरहेको र सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तानतरण गर्न वा लिजमा दिन नपाउने ब्यबस्था भएपनि सो सम्बन्धमा अनुगमन गरेको पाइएन।	
५३.	**स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउपालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ। गाउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा गाउप्रोफाइल तयार गरेको छ। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा तयार गरिएका तथ्यांकहरुको प्रयोग गरि योजना तथा बजेट प्रक्रिया अगाडि बनाउनु पर्दछ।	
५४.	**सुशासन ऐन तथा सूचनाको हक कार्यन्वयन अवस्था** सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सावंजनिक निकायले आफ्नो निकायसंग सम्बन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्थाका साथै, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेकोछ। यि प्रावधान अनुसार गाउपालीकाले आ.व. २०७५/७६ मा गरेका कार्यहरु समेटेर वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको र वेभसाइडमा अपलोड गरेको छैन।	
५५.	**उपभोक्ताबाट भएको कार्य**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरीका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खेल मैदान निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन। सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ।	

५६.	**वातावरणीय प्रभाव** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउपालिकाले यो वर्ष विपद व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन लगायतका वातावरणीय प्रभाव न्यूनीकरणको कार्यमा बजेट एवं कार्यक्रम तय गरेको देखिएन । साथै वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा गाउक्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार गाउ र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । गाउपालिकाबाट ढल निर्माणको एकीकृत बहुवर्षे योजना समेत बनाएको देखिएन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।	
५७.	**पेश्की** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की गएको रकम आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई वांकी रहेको देखिएकोले नियमावली अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु.	२४१८७४३५.००

मिति	पेश्की लिनेको नाम	वापत	पेश्की रकम
२०७६.३.३१	श्री कन्छु नर प्रताप मा. बि नकती रामपुर	भवन निर्माण र शिक्षण सिकाई	६५००००
२०७६.३.३१	श्री बुधेश्वरी आ. बि हरिरवाश्री	भुकम्पिय सुरक्ष कार्यक्रम	१५०००००
२०७६.३.३१	श्री मा. बि हर्दिया कटैया	४ कोठे भवन निर्माण र शिक्षण सिकाई	२५३२०००
२०७६.३.३१	श्री जनता मा. बि बसपिट्ठी	४ कोठे भवन निर्माण र शिक्षण सिकाई	७०००००
२०७६.३.३१	श्री आदर्श सरस्वती मा. बि लौवापार	भवन निर्माण र शिक्षण सिकाई	१६०००००
२०७६.३.३१	श्री सु.स.स.ज.मा.बि तेरहौता	आइ सी ती ल्याब	६५००००
२०७६.३.३१	बिध्यालय चौधरी	दिवाखाजा	२५०७८५
२०७६.३.३१	श्याम प्रकाश यादव	परिक्षा सञ्चालन	८९०००
	मिथिलेश कुमार यादव		१९००००
	सुजन दाहाल	बिभिन्न समारोह दिवस	१४४९५०
	सुजन दाहाल	कर्मचारी सिप बिकास कार्यक्रम	१९१८००
	सुजन दाहाल	बार्षिक अर्धबार्षिक समिक्षा गोष्ठी	१९९९००
०७६.३.३१	जनता बैक नेपाल लि		२३४८८००
०७६.३.३१	ममालक्ष्मी बिकास बैक		४८४६४००
०७६.३.३१	ज्योती बिकास बैक लि		४०६०८००
०७६.३.३१	लुम्बिनी बिकास बैक		३५०८०००
०७५.८.२०	डम्बर यादव	बिबाह पंचमी मेला	४०००००
०७५.८.०६	समाचकेवा लक्ष्मी पुजा समिति रुपनी ६	समाचकेवा	७५०००
०७६.२.२३	अशोक कुमार मेहता	क्रिकेट	२५००००
		जम्मा	**२४१८७४३५**

५८.	**समानिकरण अनुदान** **बस्तु वा सेवाको करारमा मुअकर** मुअकर नियमावली २०५३ को नियम (६ग)मासरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघसंस्थालेठेक्का सम्झौता वा करार अन्तरगत आपुर्तिहुने बस्तु वा सेवा वा बस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाइ भुक्तानी गर्दा निजलाइ भुक्तानी गर्ने कर रकमको पचास प्रतिशत हुन आउने रकम निजको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गरी बाकी रहने कर वापतको रकममात्र भुक्तानी गर्नुपर्ने ब्यबस्था छ ।गाउँपालिकाले नियमावली लागू भएको २०७६ जेठ १५ पछिको देहायको ठेक्का सम्झौता वा करारको भुक्तानीमा कर रकमको पचास प्रतिशत हुन आउने रकम सम्वन्धित राजश्व शिर्षकमा जम्मा भएको देखिएन नियमावलीको सो व्यबस्था बमोजिम भुक्तानी गर्ने कर रकमको पचास प्रतिशत हुन आउने रकम सम्बन्धितको नामवाट सम्वन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने रु.	१७०११७.००

ब.उ.शि.नं.	गोश्वरा भौचर	आपुर्तिकताको नाम	बिबरण	भुक्तानी मुअकर	राजश्व शिर्षकमा

	नंवर			रकम	जम्मा नभएको रकम
समानिकरण	८९।२०७६।३।६	बुद्धमुनि कन्ट्रक्सन	पुल निर्माण	२३४४६	११७२३
	१४७।२०७६।३।१७	इनोभेटिभ मिडिया	बृत्तचित्र	५७१७७	२८५८८
	१६१।२०७६।३।२९	चन्द्र निर्माण सेबा	कलभर्ट निर्माण	५०२१०.००	२५१०५.००
	१७७।२०७६।३।३०	सिद्धेश्वर निर्माण सेवा	ग्राभेल	५५६४८.००	२७८५४.००
	४४।२०७६।३।१८	पनोरमा रिसर्च सेन्टर	आन्तरीक नियन्त्रण प्रणाली	५७२७८.००	२८६३९.००
	४५।२०७६।३।१८	इन्टिग्रेटल स्टडिज सेन्टर	सहकारी सम्बन्धि कार्य	५६८४२.००	२८४२१.००
	४६।२०७६।३।१८	सार्प रिसर्च प्रा.लि	कर्मचारीको कार्य बिबरण	३९५७५.००	१९७८७.००
			जम्मा		१७०११७.००

५९. **सार्वजनिक जग्गामा भवन, सामुदायिक भवन,मन्दिर, मदरसा निर्माणः** गाउँपालिकाले सार्वजनिक स्रोत परिचालन गरी भवन लगायतका संरचना निर्माण कार्य गर्दा आफ्नो जग्गा भए जग्गाधनि प्रमाण पुर्जा लिएर र सार्वजनिक जग्गामा भए कानुन बमोजिम नेपाल सरकारको स्विकृत लिएर मात्र भबन निर्माण गर्नु पर्नेमा, यस गाउँपालिकाले नक्सापास नगरी र सार्वजनिक जग्गामा कानुनि स्विकृत बेगर उपभोक्ता मार्फत आफ्नो प्रयोगको लागी भवन, सामुदायिक भवन, मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्रकृतिको भवन निर्माण गरिएको छ । सार्वजनिक तथा सामुदयिक भवन,मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्राकृतिको भवन निर्माण गर्दा सार्वजनिक प्रयोजनमा रहेको जग्गामा कानुनी स्विकृति लिएर ड्रइङ्ग, डिजाइन, नक्सा पास गरी निर्माण गरीनु पर्दछ ।नमुना छनौट गरी परिक्षण गर्दा यो वर्ष स्विकृति नलिइ निर्माण भएका त्यस्ता संरचना देहाय अनुसार छन् :

ब.उ.शि.न.	भौ.नं.र मिति	भुक्तानी पाउने उ.स.को नाम	कार्य	मुल्याङकन	खर्च रकम
समानिकरण	१९।२०७५।११।१	ओम शान्ति भबन निर्माण उ.स.	ओम शान्तिको भबन निर्माण	२०११६६.००	१८१५००.००
	२२।२०७५।११।५	आदिवासी मगर संध भवन निर्माण उ.स	भवन निर्माण	४८०३३३.००	४३२३००.००
	५६।२०७५।११।१९	मस्जिद निर्माण उ.स	मस्जिद निर्माण	३२२०००.००	३२२०००.००
	७२।२०७६।२।१२	मस्जिद निर्माण उ.स	मस्जिद निर्माण	४५४०००.००	४५४०००.००
	१९५।२०७६।३।३०	वडा ३ भबन निर्माण उ.स.	भबन निर्माण	१३४६७४५.००	१३६८९३२.००
प्रदेश सरकार	६।२०७६।३।३०	सामुदायिक भवन निर्माण उ.स.	भबन निर्माण	३०७८८२८.९८	२९२५०००
पूर्वाधार	३८।२०७५।९।२२	कृषि भबन निर्माण उ.स.	तला थप	१९५३०००.००	१९५३०००.००
			जम्मा		७६३६७३२

६०. **गैर सरकारी संस्थाको भवन निर्माणः** गाउँपालिकाले कुनै योजनाको सहभागिता बढाउन, लागत सहभागिता प्राप्त गर्न, प्रभावकारी रुपमा गुणस्तरिय योजना संचालन गर्न समुदाय र सरकार बीच थप समन्वय गर्न गैर सरकारी संस्था मार्फत योजना संचालन गर्न सक्दछ । तर गैर सरकारी संस्थाको रुपमा दर्ता भएको निकायको लागि कुनै प्रभावकारी उपलब्धि वेगर सो संस्थाको लागी सार्वजनिक जग्गामा कानुनी स्विकृत बेगर भवन निर्माण गर्न गैर सरकारी संस्थामार्फत कार्य गराउनु उपयुक्त होइन । नमुना छनौट गरी परिक्षण गर्दा यो वर्ष स्विकृति नलिइ निर्माण भएका त्यस्ता संरचना देहाय अनुसार छन् ।यस्ता प्रकृतिका कार्यहरु तत्काल सुधार गर्नुपर्दछ ।

भौ.नं.र मिति	भुक्तानी पाउने उ.स.को नाम	कार्य	मुल्याङकन	खर्च रकम
१००।२०७६।३।१३	सयपत्रि सहकारी संस्था	अधुरो भबन निर्माण	४६५४७३.००	४४२२००.००

६१. **कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११)मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरीसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नापजाच गराइ त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट ब्यहोरिने श्रम,नगद वा जिन्सी समेत कुल खर्चको बिबरण सो निकायमा पेश गर्नुपर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको बिबरण र उक्त निर्माण कार्यको सर्भे,डिजाइन,लागत अनुमान, सुपरीवेक्षण र कार्यसम्पादन गर्ने ब्यक्ति तथा

पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी अभिलेख गर्नुपर्ने ब्यवस्था छ। गाउँपालिकाबाट यस बर्ष उपभोक्ता समितिले गरेका देहाय कार्यको उक्त नियमको ब्यवस्था बमोजिम काय कार्यसम्पन्न प्रतिवेदन तयार गरी अभिलेख गरेको नदेखिको रु

४०००००.००

ब.उ.शि.न.	गोश्वरा भौचर	उपभोक्ता समितिको नाम	कार्य	इष्टिमेट/मुल्याङकन रकम	खर्चरकम
समानिकरण	१४।२०७५।१०।१५	सिद्धकाली गोबर ग्यास	गोबर ग्यास		४०००००.००

६२. **उपभोक्तासमितिको खरिद कार्यः** सार्वननिक खरिद नियमावली २०६४ को नियम १९ (१) तथा गाउँपालिका र उपभोक्ता समितिसंग भएको सम्झौताको शर्तको बुदामा बिस हजार सम्मको प्यान नंवर भएको बिल र सो भन्दा बढिको निर्माण तथा अन्य सामाग्रीको बीलहरु मुल्य अभिबृद्धि करमा दर्ता ब्यक्तीसग मात्र कारोवार गनुपर्ने ब्यबस्था भएकोमा नमुना छनौट गरी परिक्षण गर्दा उपभोक्ता समितिले भएको कानुन तथा सम्झौताको शर्त बिपरीत कर बिजक बेगर देहाय बमोजिम भरपाइको आधारमा खरिद कार्य गरेको देखिएकोले उपभोक्ता समितिको सार्वजनिक निर्माण कार्यमा खरिदकार्य नियमित नहुदा पनि गाउँपालिकाले भुक्तानी दिएको देखिएको छ।

गोश्वरा भौचर नंवर	उपभोक्ता समितिको नाम	उपभोक्ताको आपुर्तिकता	बिबरण	उपभोक्ताको खरिद रकम
२३।२०७५।११।७	जयमा उपभोक्ता समिति	डम्बराम चौधरी		१५२०००.००
	"	कुशेश्वर चौधरी		२०८०००.००
७०।२०७६।१।२२	जयमा रुपनी उ.स.	बिष्णुदेब पासवान		१७२२००.००
	"	पशुराम		१२६०००.००
११७।२०७६।३।२४	रामचन्द्रको घरदेखि बिन्दारामको घरसम्म बाटो ग्राभेल	सुरैत साह	बाटो ग्राभेल	२५६०००.००
११७।२०७६।३।२४	"	फेकन माली	बाटो ग्राभेल	२५६०००.००
			जम्मा	११७०२००

६३. **जटिल प्रकृति निर्माण कार्यः** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७ को उपनियम(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर,एक्साभेटर,रोलर,डोजर, ग्रेडर,बिटुमिन डिष्टीब्युटर,बिटुमिन ब्वाइलर जस्ता हेभि मेशिनहरु प्रयोग गर्न सकिने छैन तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृति कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिइ त्यस्तो मेशिन प्रयोग गर्न सकिने ब्यवस्था गरेको छ।गाउपालिकाले जटिल प्रकृतिका हेभि उपकरण प्रयोगबाट हुने कार्य जस्तै बाटो निर्माण, पिच, ढलान,बहुतले भवन निर्माण,डिप बोरीङ,र जस्ता उपभोक्ता आफैले श्रम प्रयोग गरी कार्य गर्न नसक्ने जटिल प्रकृतिका कार्य उपभोक्ता समितिलेहेभि मेशिन प्रयोग गरी कार्य गराए पनि सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिएको नदेखिएको रु

१६५१०९३५.१८

ब.उ.शि.नं.	गो.भौ नं मिति	उ.स.को नाम	कार्य	खर्च रकम
समानिकरण	४२।२०७५।१२।६	तिरुपाति सिन्चाइ उपभोक्ता समिति	ट्रान्सफरमरको तार तान्ने कार्य	२९१०००.००
	५०।२०७५।१२।१३	मा भगबति उ.स.	पुल निर्माण	११४२०००
	७०।२०७६।१।२२	जयमा रुपनी उ.स.	बिद्युतिकरण	४८६८००.००
	८५।२०७६।३।१	डक्बर साहको घरदेखि प्रभु साहको घर सम्म बाटो ढलान उ.स.	बाटो ढलान	४८५०००.००
	९७।२०७६।३।१२	वडा कार्यलय भवन निर्माण उ.स.	वडा कार्यलय भवन निर्माण	९७००००.००
प्रदेश सरकार	७।२०७५।३।३०	प्रहरी अस्पताल मर्मत तथा निर्माण उ. स.	प्रहरी अस्पताल निर्माण	५८४६१३५.१८
तराइ मधेश सम्बृद्धि	१।२०७६।३।३०	कृषि बिकासका लागी सिचाइ ब्यवस्थापन	डिप बोरिङ	२४२५०००.००
प्रदेश सरकार	६।२०७६।३।३०	सामुदायिक भबन निर्माण उ.स.	सामुदायिक भबन	२९२५०००.००
	५।२०७६।३।३०	बर्थिङ सेन्टर निर्माण उ.स.	बर्थिङ सेन्टर निर्माण	१९४००००.००

जम्मा	१६५१०९३५.१८

६४. **भैपरीबाट सिधै खर्च:**एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्या, २०७४ को स्थानिय तहको आर्थिक संकेत बर्गिकरण र ब्याख्यमा पुजिगत बजेट एकमुष्ठ रुपमा प्रस्ताब गर्ने प्रयोजनमा लागी मात्र भैपरी खर्च शिर्षकको प्रस्ताब गरिएको र यो शिर्षकबाट खर्च लेख्न नमिल्ने स्पष्ठ ब्यबस्था भएकोमा गाउँपालिकालेदेहाय बमोजिम भैपरी शिर्षकबाट सिधै बजेट खर्च लेखिएकोले एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्या २०७४ बिपरित खर्च भएकोले नियमित नभएको रु — ७४२७७६.००

गो.भौ नं मिति	आपूर्तक	कार्य	खर्च रकम
३९।२०७५।१२।३	कम्पाउण्ड वाल निर्माण उ.स.	कम्पाउण्ड वाल निर्माण	१४२७७६।००
४४।२०७५।१२।६		माटो फिलिङ कार्य	२९१०००।००
५८।२०७५।१२।२०	कदम हटियाबजार ब्यबस्थापन समिति	बोरिङ काम	४८०००।
५९।२०७५।१२।२०	कान्छुनरप्रताब मा.वि		२६१०००।००
		जम्मा	७४२७७६।००

६५. **डि.पि.आर. कार्य:** गाउँपालिकाले भवन निर्माण,वडा कार्यालय निर्माण,बाटो निर्माण,नदि किनाारा संरक्षण आदि कार्यको लागी परियोजनाको डि.पि.आर. तयार गराइ देहाय परामर्शदातालाइ भुक्तानी दिएकोमा उक्त डि.पि.आर. स्विकृत गरी स्विकृत डि.पि.आर. बमोजिम कार्य गनुपर्ने देखिन्छ ।

गो.भौ नं मिति	परामर्शदाता	कार्य	खर्च रकम	कैफियत
५१।२०७६।३।३०	इन्जियरीङ कर्मालय कन्सल्टेन्सी प्रा.लि.	सामुदायिक भवनको डि.पि.आर. तैयारी	४३९२००.००	
२९।२०७५।१२।२०	इलाइड इन्जिनियरीङ प्रा.लि.	वडा ४,५,६ को ३४.५ कि.मी सडकको डि.पि.आर. तैयारी	१९५७०४७.००	डि.पि.आर.रिर्पोट जिन्सी दाखिला नभएको
३०।२०७५।१२।२०	रीम इन्जिनियरीङ कन्सल्टेन्ट प्रा.लि.	दुधौलि नदिको १५.६ कि.मि.डि.पि.आर. तैयारी	१९६८४६०.००	
३२।२०७५।१२।२१	सहनाज इन्जिनियरीङ	लहिले खोला पुल डि.पि.आर. तैयारी	१९३७०४६.००	डि.पि.आर.रिर्पोट जिन्सी दाखिला नभएको
३३।२०७५।१२।२१	एस.बि.एम.एस.जियो ल्याब	वडा नं ३ को भवन डि.पि.आर. तैयारी	९९७७९०.००	डि.पि.आर.रिर्पोट जिन्सी दाखिला नभएको
३४।२०७५।१२।२२	सेन्सेटिभ इन्जिनियरीङ कन्सल्टेन्सी प्रा.लि	वडा नं २,४,५ को भवन डि.पि.आर. तैयारी	१७९६७००.००	डि.पि.आर.रिर्पोट जिन्सी दाखिला नभएको
		जम्मा	९०९६२४३.००	

६६. **सफ्टवेयर खरिद, निर्माण तथा प्रमाणिकरण :** नेपाल सरकारको सूचना प्रविधि प्रणाली(ब्यवस्थापन तथा संञ्चालन) निर्देशिका २०७१ को बुदा ४ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट संञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न केन्द्रीय निकाय मार्फत सुचना प्रविधि विभागमा पठाउनुपर्ने,प्राप्त भएको कागजका आधारमा प्राविधिक समितिबाट जाँचबुझ गराई मानक बमोजिम पाइएमा विभागले तीस दिनभित्र प्रमाणीकरण गर्ने व्यवस्था छ । स्थानीय तहले प्रयोगमा ल्याएको कम्प्युटर सफ्टवेयर आफ्नो कार्यसम्पादन,सेवाप्रवाह,लेखा तथा प्रतिवेदन को लागी प्रयोग गर्दा विभागबाट प्रमाणीकरण नगराइ प्रयोगमा ल्याउने गरेको पाईएको छ । विभागबाट प्रमाणीकरण नगराइ सफ्टव्यर प्रयोगमा ल्याउदा युजरलगको व्यवस्था, डिजिटल हस्ताक्षर मैत्रि (PKI Software Enabled) समेत सूविधा नहुने हुदा Governmentent Enterprise Architectureआधारित स्वीकृत मापदण्डको सफ्टव्यर नहुने देखिन्छ । मापदण्ड वेगरका यस्ता सफ्टवेयरहरु प्रयोग गर्दा कार्य गुणस्तरिय नहुने र कतिपय अवस्थामा यथार्थ आम्दानी खर्चको हिसाव नभएको समेत देखिएको छ । गाउँपालिकाले सफ्टवेयर प्रयोग गर्दा कानूनअनुसार प्रमाणीकरण तथा स्वीकृत गराएको सफ्टवेयर प्रयोग गरीनुपर्दछ ।

ब.उ.शि.नं	गो.भौ.नं /मिति	आपुतिकर्ता	सफ्टवेयर	खर्चरकम
समानिकरण	२२।२०७५।११।१३	साग्रिला इन्फरमेशन प्रा.ली.	स्टोर सफ्टवेयर ,र कार्यालय तया वडाको लागी मालपोत तथा आम्दानी सफ्टवेयर	१२७७९६९.००
	३६।२०७६।११।२०	फुलवारी इन्जिनियरीङ	योजना सफ्टवेयर	४९४०९२.००

			प्रा.ली		
				जम्मा	१७७२०६१.००
६७.	**सफ्टबेयर तालिमः** ६ वटा बडामा दर्ता चलानी सफ्टबेयर खरिद गर्दा एम्फासीस टेक फाउण्डेशन ७ जनाको तालिम रु ७९१००।समेत गो .भौ.नं ३९ २०७६।१।२३बाट रु ४९४४९९।०० भुक्तानी भएकोमा७ जनाको तालिम दिएको नदेखिएकोले असुल गनुपर्ने रु				७९१००.००
६८.	**तालिम सञ्चालनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५(१) मा स्थानीय तहले गैर सरकारी संघ, संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संस्थासँग सहकार्य गरी कार्य गर्न सक्ने व्यवस्था छ । यस्तो सहकार्यको संयुक्त अनुगमन गरी प्रगति प्रतिवेदन समेत बनाउने व्यवस्था ऐनको २५(२) मा समेत व्यवस्था छ । गाउँपालिकाले यस आर्थिक वर्षमा विभिन्न संघ संस्थाहरुसँगको सहकार्यमा कार्य गरेकोमा देहायका तालिमहरु देहायका संस्थाहरुबाट सम्पन्न गरेको भनी खर्च लेखेकोमा गाउपालिकाले सो तालिमहरुको सञ्चालन, सहभागिता सम्पन्न एवं प्रभावकारीताको बारेमा अनुगमन गर्ने गरेको पाइएन । तत् सम्बन्धमा सुधार गर्नुपर्ने देखिन्छ ।				

गो.भौ नं मिति	आपूर्तक	बापत	खर्च रकम
१४८।२०७६।३।२५	सामुदायिक बिकास केन्द्र	बैदेशिक रोनगार तालीम	२००००.००
१२।२०७६।३।३०	सनराइज नेपाल	सिलाइकटाइ तालिम	७७५०००.००
११।२०७६।३।२५	बिद्यापति सादायिक बिकास केन्द्र	मुढा बुन्ने तालीम	५०००००.००
३० ।२०७६।३।३०	बिद्यापति सादायिक बिकास केन्द्र	हाउस वाइरिङ तालिम	५०००००.००
		जम्मा	१९७५०००

६९.	**वितरणमुखी खर्चः** पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा गाउँपालीकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्च लाई निरुत्साहित गर्न आवश्यक देखिन्छ यस्ता संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी अवस्था समेत छैन । स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नियम संगत नदेखिएको सहायता रकम रु.	१६३९१६०

गो.भौ.नं, मिति	नाम	प्रयोजन	रकम
२।२०७५।६।२८	राजाराम यादब	दुर्गापुजा समिति	३०००००
४।२०७५।६।२८	दानालाल साह	धार्मिक महोत्सब	१५०००.००
५।२०७५।७।१५	भागवत पुराण यज्ञ	भागवत पुराण	५१०००.००
१०।२०७५।८।३	धुरिगाउकिर्तन मण्डली	आर्थिक सहयोग	१५०००.००
१२।२०७५। ८।३	किशोर कुमार चौधरी	लक्ष्मि पुजा	२००००.००
१२।२०७५। ८।३	जुहरी राइन	आर्थिक सहयोग	२१०००.००
१२।२०७५। ८।३	राजेन्द्रलाल दास	आर्थिक सहयोग	२२०००.००
१२।२०७५। ८।३	नबिन साह	आर्थिक सहयोग	२२१६०.००
१७।२०७५।८।११	सचिदानन्द साह	लक्ष्मिपुजा	५००००.००
२४।२०७५।८।१८	कुस्ती समिति	बिबाह पञ्चमीमा आर्थिक सहयोग	१५००००.००
३६।२०७५।९।२२	हरिरवा युथ कल्ब	क्रिकेट प्रतियोगिता	२१०००.००
३८।२०७५।११।२८	किसान बचत तथा सहकारी संस्था	आर्थिक सहयोग	५२०००.००
४१।२०७५।१२।४	भुनिया कुमारी मण्डल	आर्थिक सहयोग	२५०००.००
५१।२०७५।१२।१५	बिश्वेश्वर साह	आर्थिक सहयोग	२५०००.००
४७।२०७५।९।२६	हरिशचन्द्र इसर	लक्ष्मि पुजा	५००००.००
८।२०७६।३।८	चन्दा युवा कल्ब	चाडपर्व सरक्षण तथा प्रवर्द्धन कार्यक्रम	५०००००
२।२०७६।१।२६	सप्तरिषिसामुदायिक बिकास केन्द्र नेपाल	कल्ब सञ्चालन	३०००००
		जम्मा	१६३९१६०

७०.	**उपभोक्ताको लागत अनुमानमा मुअकरः**सार्वजनिक खरिद नियमावली , २०६४को नियम १०(७)मा निर्माण कार्यको लागत अनुमान अनुसुचि १ को ढाचामा तयार गनुपर्ने ब्यबस्था छ । अनुसुचि १ को ढाचामा	

आइटमको जम्मा दररेट र आइटमका जम्मा परीमाण को गणना इकाइमा मुअकर समाबेश नहुने ब्यबस्था छ।ठेक्काबाट कार्य गर्ने भए आइटमको जम्मा दररेटमा ओभरहेड जोडिने तर उपभोक्ताको हकमा ओभरहेड पनि नजोडिने व्यबस्था भएको देखिन्छ ।गाउँपालिकाले उपभोक्ताबाट कार्य गराउने कार्यको लागत अनुमानको आइटमको जम्मा दररेटमा मुअकर रकम समाबेश गरी लागत अनुमान तयार गरी सोहि आधारमा मुल्याङकन गरेको छ । उपभोक्ताबाट कार्य गराउदा आइटमको जम्मा दररेटमा मुअकर रकम लागत अनुमानमा समाबेस गर्न मिल्ने देखिदैन ।

७१. **पूँजीगतबाट चालु खर्चः** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । गाउँपालीका कार्यालयले यो वर्ष सभाबाट पारित गरि चालु खर्च पुजिगत वजेटमा समावेश गरि वजेट खर्च लेखेको नियम सम्मत देखिएन । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरि वजेट खर्च लेख्नु पर्दछ ।

गोश्वरा भौचर नंवर	विवरण	खर्च रकम
३५।२०७६।३।११	भैपरी पुजिगत खर्चबाट बडा न.१ खाजा नास्ता खर्च	११०३०५.००

७२. **अन्य कार्यालयको खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ । गाउँपालिकाले देहायबमोजिम अन्य कार्यालयकोकार्यक्रमको लागी खर्च गरेको देखिएकोले उक्त भुक्तानी दिएको खर्च नियमसम्मत देखिएन ।

ब.उ.शि.नं.	गोश्वरा भौचर नंवर	कार्यालयको नाम	विवरण	खर्च रकम
समानिकरण	४१।२०७५।९।२४	ठाकोदेबी जोगिन्द्र अस्पताल रुपनी	ल्याब सामान	३६३२३.००
	४२।२०७५।९।२४	ठाकोदेबी जोगिन्द्र अस्पताल रुपनी	ल्याब सामान	९३०००.००
	४३ का।२०७५।९।२४	ठाकोदेबी जोगिन्द्र अस्पताल रुपनी	ल्याब सामान	३९९१२.००
	४३ख।२०७५।९।२४	ठाकोदेबी जोगिन्द्र अस्पताल रुपनी	सर्जिकल एण्ड फुड प्रोडक्ट	१५०००.००
			जम्मा	१८४२३५.००

७३. **कन्टिजेन्सी खर्च :** आयोजना संचालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकम मध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी भूक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा विभिन्न योजना बाट कट्टी भएको कन्टिन्जेन्सी खर्चको अभिलेख राखेको छैन । कट्टी भएको कन्टिन्जेन्सी योजना अनुगमन, साना तिना अन्य काम, सुचना प्रकासन लगायतका कार्यमा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम खर्च गरी अभिलेख राखिनु पर्दछ ।

७४. **लागत अनुमानः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले एकलाख भन्दा बढिको मालसामान खरिदको लागि लागत अनुमान तयार गरी ऐनको दफ ५क बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस बर्ष गरेका देहाय खरिदकोलागत अनुमान तयार गरी स्वीकृत गरेको नदेखिएकोले ऐनको व्यबस्था बमोजिम लागत अनुमान स्वीकृत गरिनुपर्दछ ।

भौन र मिति	आपुर्तक	माल सामान विवरण	रकम
४८.०७६.३.२०	एस के फर्निसिङ्ग एण्ड इलेक्ट्रोनिक कन्सर्न	एयर कन्डीसन	३७०६४०
५०.०७६.०३.२०	आर.के इन्जिनिरिङ्ग जनरल सप्लायर्स	फर्निचर	२०७५४४
१.७५.०६.२८	न्यू आलोक इलेक्ट्रोनिक्स	ए.सी	२१४३६१
२.७५.०८.१०	खान अटोमोबाइल एण्ड इलेक्ट्रोनिक्स	पल्सर मोटरसाइकल	२५९९००
७.७५.९.१७	आरोही क्रियशन राजबिराज	फर्निचर	४४८०४५
२०.७५.११.१	बि.पि.एस कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स	मेसिनरी औजार	४९९९१२
२३.७५.११.१७	न्यु माइको ल्याण्ड कम्प्युटर एण्ड सप्लायर्य	ल्यापटप	४९८८९५
२६.७५.११.२३	लक्ष्मी बस्त्रालय	सिरक	२७१००१
		जम्मा	२७७०२९८

७५. **राष्ट्रपति चुरे**

प्याकेजिङ्ग :– गाउपालिकालागी राष्ट्रपति चुरेको स्विकृत कार्यक्रम अनुसार हरित पेटिका निर्माण,बृक्षारोपण,नदि नियन्त्रण,बायोग्यास निर्माण, र पशुपालन समेत गरी बजेट बिनियोजन भएकोमा सो अख्तियारी बमोजिमको कार्य छुट्टाछुट्टै गराउनुपर्नेमा एकमुस्ट कार्यक्रम मानी सो को ५ वटा प्याकेज बनाइ

कार्य गराएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३(क) को उपनियम २ मा सार्वजनिक निकायले खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने गरी तयारी गर्दा अलग अलग रुपमा सम्पन्न गर्न सकिने प्रकृतिका निर्माण कार्यका लागि अधिकतम प्रतिस्पर्धा हुने हद सम्म छुट्टा छुट्टै रुपमा बोलपत्र आह्वान गर्नु पर्ने ब्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ९७ मा १ करोड रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउन सकिने र उल्लेखित लागत अनुमानमा कन्टीनजेन्सी, उ.स.ले ब्यहोर्ने रकम, मु. अ. कर ओभरहेड समेत समावेश हुने ब्यवस्था छ । गाउकार्यपालिकाको मिति २०७६।०१।१५ बैठकबाट देहाय बमोजिम ५ प्याकेज बनाइ कार्य गर्ने निर्णय अनुरुप उपभोक्ताबाट कार्य गराएकोमा नियमावलीको भएको ब्यवस्थाले बमोजिम अधिकतम प्रतिस्पर्धा हुने हद सम्म प्याकेज निर्धारण गरेको आधार नभएको र उपभोक्ताबाट कार्य गराउदा समेत एक करोडको हद समेत देहाय नाघेको देखिएकोले प्याकेजिङ्गबाट उपभोक्ता मार्फत गराएको कार्य नियमित देखिएन ।

प्याकेज नं.	उ.स.को लागी स्विकृत लागत अनुमान	ओभरहेड	मु.अ.कर	जम्मा	उ.स को नाम	मूल्याङकन रकम	खर्च रकम
१	९६४५०९९.३०	१४४६७६४	१४४१९४२	११०९४२४६	भलवाहि खाडोखोला नियन्त्रण उपभोक्ता समिति	९६४५०९९.३०	८९११५८४
२	९५०००२२.१४	१४२५००३	१४२०२५३	१२३४५२७८.५०	खैरबोनाखहर खाँडोखोला उपभोक्ता समिति	९५०००२२.१४	८८८२५२०
३	९५०००२२.१४	१४२५००३	१४२०२५३	१२३४५२७८.५०	करमैन गाँछी खाडोखोला उपभोक्ता समिति	९५०००२२.१४	८८८२५२०
४	९५०००२२.१४	१४२५००३	१४२०२५३	१२३४५२७८.५०	जामुन गाछी खाडोखोला उपभोक्ता समिति	९५०००२२.१४	८८८२५२०
५	९४७६००६.४७	१४२१४००	१४१६६६२	१२३१४०६८	भलवाहि खाडोखोला उपभोक्ता समिति	९४७६००६.४७	८८६००६६
जम्मा	४७६२११७२.१९	७१४३१७३	७११९३६३	६०४४४१४९.५		४७६२११७२.१९	४४४१९२१०

७६. **राजश्व बाँडफाँड**

तलबी प्रतिबेदन-स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष गाउँपालिकाका सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरि रु ८२७०३०६.तलव भत्तामा खर्च गरेको छ । यसरी तलबि प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन हुन सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

७७. **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. २ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार रुपनी गाउँपालिकाले देहाय बमोजिम माशिक सुविधाले बार्षिक सुबिधा रु सुविधा वापत भुक्तानी भएको छ ।

सि.नं	विवरण	अध्यक्ष	उपाभ्यक्ष	वडा अध्यक्ष ६ जना	कार्य पालिका सदस्य ६ जना	सभाका सदस्य २० जना	जम्मा
१	मासिक सुविधा	३१५००.	२७५००	१२००००	१२००००	१४००००	४३९०००
२	सञ्चार सुबिधा (मासिक दरमा)	०	०	०	०	०	०

३	बैठक भत्ता (बैठक संख्याको आधारमा)	०	०	०	०	०	०
४	खाजा भत्ता (मासिक)	०	०	०	०	०	०
५	पुस्तक पत्रपत्रिका (मासिक)	०	०	०	०	०	०
६	अनुगमन भत्ता (मासिक)	०	०	०	०	०	०
७	खानेपानी, बिजुली महसुल (मासिक)	०	०	०	०	०	०
८	सरसफाई, मर्मत (मासिक)	०	०	०	०	०	०
९	अतिथि सत्कार (मासिक)	०	०	०	०	०	०
१०	यातायात खर्च (मासिक)	०	०	०	०	०	०
	जम्मा मासिक	३१५००.	२७५००	१२००००	१२००००	१४००००	४३९०००
	जम्मा वार्षिक	३१५००.	२७५००	१४४००००	१४४००००	१६८००००	५२६८०००

प्रदेश नं २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ८ बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सेवाबाट अवकास लिई त्यस्तो सरकार वा तहबाट निवृत्तिभरण पाई रहेको कुनै व्यक्ति पदाधिकारी वा सदस्य पदमा निर्वाचित भएमा निजले दफा ३ बमोजिमको मासिक सुविधा वा निवृत्तिभरण मध्ये एउटा मात्र रोज्न पाउने छ भन्ने व्यवस्था रहेकोमा गाउँपालिकामा निर्वाचित भएका सदस्यहरुले सुविधा सम्बन्धमा
स्वःघोषणा पत्र कार्यालयमा पेश नगरेकोले दोहोरो सुविधाको सम्बन्धमा एकिन हुन सकिएन । ऐनमा भएको व्यवस्थाको पुर्ण पालना हुनपर्दछ ।

७८. प्रदेश नं दुईका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ मा पदाधिकारी र सदस्यहरुले पाउने सुविधा अन्तर्गत सल्लाकारको सुविधा उल्लेख छैन । यस गाउँपालिकाले कानुनी सल्लाहकारमा शंकर कुमार मिश्र नियुक्त गरी मिति २०७५ फाल्गुण देखी २०७६ आषाढ मसान्तसम्म मासिक रु. २१००० का दरले पारिश्रमिक भुक्तानी गरेको देखियो । उपरोक्त ऐनमा व्यवस्था नभएको कानुनी सल्लाहकार नियुक्तगरी उक्त अवधिमा रु १०५०००।०० तलब खर्च लेखेको नियम सम्मत देखिएन ।

७९. **संचार सुविधाः** प्रदेश नं २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ६ (१) बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यलाई न्युनतम संख्यामा पत्रपत्रिका खरिद गरि उपलब्ध गराउनेछ भन्ने उल्लेख गरेको छ । त्यस्तै दफा ३(२) बमोजिम अनुसुचि १ बमोजिमको रकममा नबढ्ने गरि स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेबमोजिमको संचार सुविधा भुक्तानी गर्नुपर्नेमा तपशिल बमोजिमको दरले संचार सुविधा कर्मचारी समेतलाइ भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु................ १०२५००.००

गो भौ नं	पदाधिकारीको नाम	ऐन बमोनिम सञ्चार सुबिधा	भुक्तानी भएको माशिक सञ्चार सुबिधा	बढी भुक्तानी मासिक
६०.७५.९.११	पिताम्बर यादव बडा अध्यक्ष १	०	२५००	२५००
	दिपेन्द्र पासवान सदस्य	०	२५००	२५००
	बिरेन्द्र कुमार चौधरी सदस्य	०	२५००	२५००
	बलोदेवी सदा सदस्य	०	२५००	२५००
	बलो कुर्जनी सदस्य	०	२५००	२५००
	दानालाल स वडा अध्याक्ष राह	०	२५००	२५००
	तेज नाराउण चौधरी सदस्य	०	२५००	२५००
	योगेन्द्र खेरवार सदस्य	०	२५००	२५००

	बुचीदेवी खंग सदस्य	०	२५००	२५००
	गुलावदेवी मण्डल सदस्य	०	२५००	२५००
	अमर मुखिया अध्यक्ष ३	०	२५००	२५००
	सति देवी साह	०	२५००	२५००
	जानकी देवी म०डल	०	२५००	२५००
	मोहन साह तेली	०	२५००	२५००
	गुलेश्वर प्रसाद राजधौव	०	२५००	२५००
	टेदी इशर बडा अध्यक्ष ४	०	२५००	२५००
	लिला देवी साह	०	२५००	२५००
	धनी चन्द्र मण्डल	०	२५००	२५००
	राम कुमारी सदा	०	२५००	२५००
	सुर्य नारायण साह	०	२५००	२५००
	देवकी देवी बिश्वास	०	२५००	२५००
	जगधिस दास बडा अध्यक्ष ५		२५००	२५००
	धनराज लाल दास	०	२५००	२५००
	शैमुल खातुन	०	२५००	२५००
	सिता कुमारी यादव	०	२५००	२५००
	भुपिया खं)ग	०	२५००	२५००
	गोबिन्द सिंह थापा बडा अध्यक्ष ६	०	२५००	२५००
	बेचन प्रसाद साह	०	२५००	२५००
	बुदनी देवी सदा	०	२५००	२५००
	बद्धी नारायण चौधरी	०	२५००	२५००
	पुष्पा कुमारी श्रेष्ठ	०	२५००	२५००
२९६.२०७६.३.२५	हरेराम यादव गा.पा अध्यक्ष	१०००	७०००	७०००
	बेचनी कुमारी सरदार गा.पा उपाअध्यक्ष	१०००	५०००	५०००
	ललन कुमार यादव प्र. प्र. अ	०	५०००	५०००
	सुजन दाहाल	०	३०००	३०००
	सञ्जय यादव	०	२०००	२०००
	रमामनन्द चौधरी	०	३०००	३०००
जम्मा				१०२५००

८०. **खरिद योजना** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ उपनियम(१)मा सार्वजनिक निकायले बार्षिक दशलाख रुपैया भन्दा बढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यबस्था छ ।त्यस्तै साहि नियमको उपनियम(५)मा सार्वजनिक निकायप्रमुखले चालु आ. व.को स्विकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि सो अनुरुप यो नियम बमोजिम तयार भएको बार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गनुपर्ने ब्यबस्था छ । गाउँपालिकाको मसलन्द तथा कार्यालय सामाग्री सम्बन्धि बार्षिक बजेट रु २२०००००।०० भएपनि बार्षिक खरिद योजना तयार नगरी पटक पटक टुका खरिद गरी रु.२२०००००।००.खर्च लेखेको छ । कानून बमोजिम बार्षिक खरिद योजना तयार गरी खरिद कार्य गरिनुपर्दछ ।

८१. **समानिकरण अनुदानका प्रार्थमिक क्षेत्र:**राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले स्थानिय तहको आ.व. २०७५।७६ को लागी समानिकरण अनुदान सम्बन्धि सिफरिशको बुदा ५.२ मा समानिकरण बापत स्थानिय तहलाइ प्राप्त भएको रकम अध्यायन भ्रमण, बैदेशिक भ्रमण र अन्य प्रशासनिक वा सञ्चालन खर्चका लागी बिनियोजन नगरी विकास निर्माणमा खर्च गर्ने गरी प्राथमिकता निर्धारण गनूपर्ने ब्यबस्था छ ।गाउँपालिकाले स्थानिय तहलाइ प्राप्त भएको उक्त रकम अध्यायन भ्रमण, बैदेशिक भ्रमण र अन्य प्रशासनिक वा सञ्चालन

खर्चका लागी बिनियोजन नगरी विकास निर्माणमा मात्र खर्च गर्ने गरी बिनियोजन गरेको देखिएन । निर्धारित क्षेत्र नाघि देहाय बमोजिम बिनियोजन गरी खर्च गरीनुपर्दछ ।

८२. **खर्चमा मितब्ययिता र प्रभावकारीता:**सार्वजनिक खर्च मितब्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी मार्गदर्शन २०७५ को बुदा २५ मा सार्वननिक निकायका पदाधिकारी/कर्मचारीले कार्यालय समयमा हुने कुनै पनि सार्वजनिक निकायको बैठक वा कार्यक्रममा प्रतिनिधित्व गर्दा बैठक भत्ता वा अन्य कुनै भत्ता लिन नहुने ब्यवस्था छ । मार्गदशनले गरेको ब्यवस्था विपरित गाउपालिकाले देहाय बमोजिम बैठक भत्ता भुक्तानी गरेको देखिएको रु ३६७२०.००

गो भौ नं./ मिति	विवरण	रकम
५७०७५।९।३	८ जना कर्मचारीको गाउसभा बैठक भत्ता	३६७२०.००

८३. **वैठक भत्ता:** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ४ मा माशिक सुबिधा पाउने पदाधिकारी बाहेकका सभाका सदस्यले सभा र स्थानिय तहको कुनै समिति वा उप समितिको भाग लिएको प्रत्येक दिनको अनुसुचि १ बमोजिम बैठक भत्ता बापतको रकम पाउने ब्यबस्था भएको तर अनुसुचि १ मा त्यस्तो बैठक भत्ता नतोकिएकोले ऐनको दफा १४ बमोजिम ऐनमा उल्लेख भएको सुबिधा बाहेक कुनैपनि सुबिधा स्थानिय तहले थप वा निर्धारण गर्न नपाउने हुदा गाउँपालिका पदाधिकारी तथा सदस्यहरुलाइ कानुन विपरित वैठक भत्ता भुक्तानी भएको रु ४६००६५.००

गो.भौ.नं /मिति	पदाधिकारी संख्या	बिबरण	बैठकभत्ता कर बाहेक
१८।२०७५।७।१९	४ जना	न्यायिक समितिको बैठक	७९०५०.००
५७।०७५।९।३	३४ जना	गाउसभा बैठक	३१५१८०.००
८४।०७५।९।२९	५ जना	न्यायिक समितिको बैठक	६५८३५.००
		जम्मा	४६००६५.००

८४. **इन्धनको लगवुक–**आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्दछ । कार्यालयले विभिन्न भौ न र मितिवाट कार्यालयको लागि इन्धन खरिद गरेवापत १६९९९५।५६. इन्धन खर्च गरेकोमा इन्धनको लगबुक राख्ने गरेको छैन । कार्यालमा रहेका सवारी साधनको लागि आवश्यकतानुसार इन्धन खर्च लेख्ने गरेकोमा लगबुक राख्ने गरेको नदेखिदा नियमावलीमा भएको व्यवस्था अनुसार सवारी साधनको लगबुक राखी नियमको पालना गर्नु पर्दछ ।

८५. **ब.उ.सि.नं. ३६५०१५३ जेष्ठ नागरिक दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा**

खर्च :- सरकारले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग क्षेत्र र समुदायका नागरीकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक सुरक्षा प्रदान गर्न यस पालिकाले आर्थिक बर्ष २०७५।७६ मा ६ वडाका ७७८२ जनालाई रु ४४६८१४००।०० खर्च गरेको देखिन्छ भने यस सम्बन्धमा देखिएका ब्यहोरा देहाए अनुसार रहेका छन ।

८६. **निकासा माग तथा पेशिकी फस्यौट:** अर्थ मन्त्रालयको मिति २०७४।५।३० को परिपत्र अनुसार दोश्रो चौमासिकको लागि निकासा माग गर्दा प्रथम चौमासिकको सम्पूर्ण हिसाव विवरण र तेश्रो चौमासिकको रकम निकासा माग गर्दा दोश्रो चौमासिकको सम्पूर्ण हिसाव विवरण कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गरी बास्तविक रकम मात्र माग गर्ने व्यवस्था छ । यस कार्यालयले सामाजिक सुरक्षाको रकम माग गर्दा misअभिलेख पेश गरी निकासा लिई प्रथम किस्ता पेश्की फछ्र्यौट नै नगरी दोस्रो चौमासिक निकासा लिई पेश्की दिने गरेको र समयमा नै पेश्की फर्यौट गरेको देखिएन । अत: कार्यालयले अर्थ मन्त्रालयको परिपत्र पालना गरी सामाजिक सुरक्षा रकम निकासा लिने तर्फ ध्यान दिनु पर्ने देखिन्छ

८७. **अभिलेख एकिन:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १३ मा नाम दर्ता र नविकरणबाट आगामी आर्थिक बर्षका लागी कायम हुन आएका लाभग्राहीको बिवरण प्रत्यक स्थानिय निकायले फागुन मसान्त भित्र बिभागले सञ्चालनमा ल्याएको ब्यवस्थापन सुचना प्रणाली (एम आइ एस) मा अनिवार्य रुपमा प्रविष्टि गर्नु पर्ने छ । यसरी प्रविष्टि गर्ने कार्य समान्यत सम्बन्धित वडा कार्यालयको हुने छ । तर वडा कार्यालयमा साधन स्रोत तथा जनशक्तिको कमी भएमा स्थानिय तहले आवश्यक ब्यवस्था गर्ने छ भन्ने उल्लेख गरेको छ । यस गाउपालिका कार्यालय अर्न्तगत रहेका ६ वटा वडा कार्यालयको अभिलेख अनुसार प्रयाजसो जेष्ठ नागरिक तथा अन्य लाभग्राहीहरु नाम प्रविष्टि आर्थिक बर्ष २०७५।७६ मा गरेको र उल्लेखित ब्यक्तिहरुलाई नै यसै आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता रकम बितरण गरेको देखिएकोले यस पालिकामा सामाजिक सुरक्षा भत्ता पाईराखेका लाभग्रहीको नामावली कार्यबिधि अनुसार एम.आइ.एस. मा प्रबिष्टि गरेको

	नदेखिएकोले सामाजिक सुरक्षा भत्ता वापत बितरण गरेको रकम वास्तविक लाभग्राहीलाई बितरण गरेको हो वा होइन भन्न सकिने आधार देखिएन । यस सम्बन्धमा गाउपालिकाका कार्यालयले वास्तविक लाभग्राहीहरुको बिवरण एकिन गरी एम.आइ.एस. मा प्रविष्टि गरी मात्र भत्ता बितरण गर्नु पर्दछ ।	
८८.	**अनुगमन** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा २८ मा उपाध्यक्षको संयोजकमा ७ सदस्य रहेको एक अनुगमन तथा मुल्याङ्कन र प्रतिबेदन समिति रहने र उक्त समितिले समाजिक सुरक्षा भत्ता बितरणको नामदर्ता, नबिकरण, भत्ता बितरण, लाभग्राहीसँग भेटघाट तथा सुझाव संकलन र सार्वजनिक सुनाइको प्रतिबेदन अध्ययन गर्ने, सुझाव कार्यान्यिन तथा गुनासो सम्बोधन भए नभएको समिक्षा गर्न, कार्यक्रम सम्बन्धमा अनियमिता भएको पाइएमा दोषी पहिचान गरी कारवाहीका लागी सिफारिस गर्न र सही व्यक्तिलाई सही समयमा सही रकम प्रदान भए नभएको अध्ययन गरी गर्नु पर्ने बिषयमा सुझाव दिने र चौमासिक रुपमा बैठक बसी समितिले चौमासिक प्रतिबेदन अध्यक्ष समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिकाले कार्यबिधिले व्यवस्था गरे बमोजिम अनुगमन प्रतिबेदन लिएको देखिएन ।	
८९.	**भत्ता बितरण**-सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा १६(क) मा सम्बन्धित वडा कार्यालय मार्फत प्रथम किस्ता, असोज १ गतेबाट दोस्रो हप्ताभित्र,दोस्रो किस्ता माघ १ गतेबाट दोस्रो हप्ताभित्र र तेस्रो किस्ता जेठ १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गरि सक्नु पर्ने व्यवस्था छ । गाउपालिकाले भत्ता वितरणको लागि निर्धारीत समय पछाडी प्रथम, दोश्रो, र तेस्रो किस्ता पेश्की लिएको देखिएकोले तोकिएको समय भित्र सामाजिक सुरक्षा रकम वितरण गरेको पाइएन ।	
९०.	**बैक मार्फत भत्ता**- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा २२ मा मन्त्रालयको स्वीर्कती बिना हातहातै नगद भत्ता बितरण गर्न पाईने छैन ,भन्ने ब्यवस्था छ ।साथै स्थानिय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यबस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को बुदा नम्बर ३.५ मा नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागी तलब भत्ता लगायत अन्य रकमहरु समेत बैंङ्क खाता मार्फत भुक्तानी गर्ने व्यबस्था मिलाउनु पर्नेछ भन्ने समेत व्यहोरा उल्लेख छ । यस गाउँपालिकाले नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम नगरी कार्यबिधिमा भएको ब्यवस्था बिपरीत मन्त्रालयको स्वीकृती बिना प्रथम र दोस्रो किस्ता र तेश्रो किस्ता रकम बैक खातामा नपठाई नगदै हातहातैमा ल्याप्चे सही छाप गराई भत्ता वितरण गरेकोले कार्यबिधिमा भएको ब्यवस्था पालना भएन ।	
९१.	७–२०७६।०१।०८क सामाजिक सुरक्षा कार्यक्रम २०७५ को अनुसूची १ ख(२०)मा दलित बर्गमा सूचीकृत जातजातीको विवरणमा धोबी (रजक), हिन्दु उल्लेख गरिएको छ । उल्लेखित जाती बाहेक सो वर्गमा पर्ने राजधोव, माझी, यसर, खंग, प्रणामी समेतले दलित वर्गबाट वडा नं. ३ मा समाजिक सुरक्षा भत्ता बापत पहिलो किस्ता रकम लिएकोले सो पाउने आधार पेश गर्नुपर्ने रु.	५३४०००.००
९२.	वडा सचिव श्री विरेन्द्र मेहताले सामाजिक सुरक्षा वितरणको लागि लिएको पेश्की रु. ४००८८०० गो.भौ.नं. ७–२०७६।०१।०८ बाट फछ्र्यौट गर्दा रु. ३८८८८००.०० गरिएकोमा ३८५८८०० को मात्र भरपाई भएकोले असूल गर्नुपर्ने रु.	३००००.००
९३.	१७– २०७६।०३।३१ वडा सचिव विरेन्द्र मेहताले सामाजिक सुरक्षा भत्ता वितरणको दोस्रो किस्ताको लागि लिएको पेश्की रु. ३९०३०००.०० फछ्र्यौट गर्दा रु. ३८०९६००.०० को बिल फछ्र्यौट भएकोले असूल गर्नुपर्ने रु.	९३४००.००
९४.	१७–२०७६।०३।३१सामाजिक सुरक्षा कार्यक्रम २०७५ को अनुसूची १ ख(२०)मा दलित बर्गमा सूचीकृत जातजातीको विवरणमा धोबी (रजक), हिन्दु उल्लेख गरिएको छ । उल्लेखित जाती बाहेक सो वर्गमा पर्ने राजधोव, माझी, यसर, खंग, प्रणामी समेतले दलित वर्गबाट बाट वडा नं. ३ मा समाजिक सुरक्षा भत्ता दोस्रो किस्ता बापत रकम लिएकोले सो पाउने आधार पेश गर्नुपर्ने रु.	५३८८००.००
९५.	**प्रधानमन्त्रि रोजगार कार्यक्रम** :सामाजिक सुरक्षा कार्यान्वयनमा कामका लागि रोजगार अन्तरगत यस गाउँपालिकाले, वेरोजगारको तथ्याङ्क संकलन गरी १६८ जना बिरोजगार युवाहरुलाई १८ दिनको बाटो मर्मत, निर्माण, बृक्षरोपण, सरसफइ जस्ता कार्यमा रोजगारी दिइ भुक्तानी दिएको छ । पुजि निर्माण हुने दिर्घकालीन प्रकृतिका कार्यमा कामका लागि रोजगार कार्यकम लागु गरीनु पर्छ ।	

कामको विवरण	मुल्यांकन लागत	रोजगारी संख्या	रोजगारी दिन	भुक्तानी रकम	गो भौ नं।
बृक्षारोपण	४४९२००	२८	१८	३०२४००	२४
सिँचाई	४६६२००	२८	१९	३१९२००	२४
बाटो मर्मत	४६६२००	२८	१९	३१९२००	२४

बाटो मर्मत	४३२२००	२८	१९	३१९२००	२४
कुलो मर्मत	४४९४००	२८	१७	२८५६००	२४
बृक्षारोपण र बार	४५५२००	२८	१८	३०२४००	२४
जम्मा	२७१८४००			१८४८०००	

९६. **जिन्सी दाखिला**–आर्थिक कार्यविधि नियमावली २०६४ को नियम अनुसार कार्यालयमा प्राप्त भएको सवै मालसामानको मूल्य समेत खोली जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न भौ न र मिति वाट विभिन्न सामान खरिद गरेको भनी खर्च लेखेकोमा खरिद भएका समानको जिन्सी दाखिला नभएको रु. १२०९५०

गो. भौ नं मिति	मालसामानको विवरण	रकम भ्याट बाहेक
१.७५.१२.२५	थ्री सिटर	३६०००
१.७५.१२.२५	बस चेयर	१८५००
१.७५.१२.२५	कम्प्युटर टेवल	११५००
१.७५.१२.२५	अफिस डबल टेवल	२२०००
१.७५.१२.२५	अफिस दराज	२२५००
१.७५.१२.२५	डस्वीन	४५००
१.७५.१२.२५	डोरमेट	५९५०
	जम्मा	१२०९५०

बहुक्षेत्रीय पोषण कार्यक्रम

९७. अनुगमन भत्ता स्थानीय तहका पदाधीकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धी ऐन २०७५ ले स्थानीय तहको योजना अनुगमन गरे वापत पाउने पारिश्रमिक सम्बन्धी स्पष्ट व्यवस्था गरेको छैन । यस गाउपालिकाले विभिन्न वडाहरुमा विभिन्न मितिमा अनुगमन गरेको भनि ५ जना पदाधिकारी एवं कर्मचारीहरुको नाममा७६–२०७६।०३।२५ बाट देहाय बमोजिम अनुगमन भत्ता भुक्तानी गरेको छ । यसरी कानूनमा अनुगमन भत्ता सम्बन्धि स्पष्ट व्यवस्था नभएको अवस्थामा समेत अनुगमन भत्ता खर्च लेख्ने आधार नदेखिएको रु. ४२५००.००

पदाधिकारी संख्या	दिन	भुक्तानी रकम
५ जना	१०	४२५००.००

९८. आर्थिक कार्यविधि नियमावली २०६४ को नियम अनुसार कार्यालयमा प्राप्त भएको सवै मालसामानको मूल्य समेत खोली जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न भौ न र मिति वाट विभिन्न सामान खरिद गरेको भनी खर्च लेखेकोमा खरिद भएका समानको जिन्सी दाखिला नभएको रु. ८८०२२.५०

गो. भौ नं मिति	मालसामानको विवरण	भ्याट समेत रकम
३४-२०७६/०३/३१	टिफिन बक्स	७७१२२.५०
	पानीको बोतल	१०९००.००
	जम्मा	८८,०२२.५०

९९. **शर्सत अनुदान**

विद्यालयगत निकासा खाता : कार्यालयले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अत विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ ।

१०० **कट्टी रकम:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । विद्यालयहरुले चौमासिक निकासा माग फाराम पेश गर्दा अघिल्लो चौमासिकको तलव भत्ता वित्तरण गर्दा कट्टी भएको सा.सु. कर , पारिश्रमिक कर, ना.ल.कोष. , क.सं कोष कट्टी तथा सापटि कट्टी को सक्कल प्रमाण हाजिरी अभिलेख पेश गनुपर्ने मा सो गरेको छैन । यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भन्ने विश्वस्त आधार भएन ।

१०१. **दरबन्दी मिलान:** शिक्षक दरवन्दी शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा विद्यालयको अवस्था, विद्यार्थीको अवस्था, विद्यार्थीको संख्या यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अत: यसरी दरवन्दी मिलान वेगर गाउँपालिकाले गरेको शिक्षकहरुको तलबको लागी निकासा

	वास्तविक खर्च हो भनी यकिन गर्न सकिएन ।	
१०२	**शिक्षक तलबी प्रतिवेदन :-** शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार स्थानीय तहले सम्बन्धित स्थानीय तह अर्न्तगतका विद्यालयहरुमा तत्काल रहेको शिक्षकहरुको दरबन्दी सम्बन्धी विवरण सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट यकिन गर्नुपर्ने उल्लेख छ । साथै सोको आधारमा विवरणमा उल्लेखित शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षक किताबखानाबाट पारित गराएर मात्रै सोको आधारमा विद्यालयको तलबी माग फारम समेत रुजु गरी शिक्षक तलब सम्बन्धित विद्यालयको खातामा निकासा दिनुपर्ने व्यवस्था छ । कार्यालयले शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइएकोले शिक्षकहरुको तलब, ग्रेड रकम एवं भत्ता खर्च यकिन गर्न सकिएन । अतः तलबी प्रतिवेदन पारित गरेर मात्रै खर्च गर्नुपर्ने देखिन्छ।	
१०३	**छात्रवृत्तीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम (३) अनुसार बजेट रकम भित्रको कुनै रकम खर्च गर्दा विल भरपाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले गैर आवासिय छात्रवृति रु. ११७५०००। सम्बन्धित विद्यालयको खातामा जम्मा गरि दिएकोमा उक्त छात्रवृत्ती रकम सबै विद्यार्थीहरुलाई वितरण गरेको भरपाई पेश नगरेको तथा उक्त छात्रवृतिबाट शैक्षिक क्रियाकलापमा परेको प्रभाव अनुगमनको मूल्याङ्कन प्रतिवेदन लिने नगरेबाट छात्रावृत्ती वितरण एवं प्रभावकारीता सम्बन्धमा विश्वस्त हुन सकिएन । अत छात्रबृत्ती बितरणको भरपाई पेश हुनु पर्ने रु **गोश्वरा भौचर नंबर** | **बिबरण** | **रकम** ११।२०७६।३।२५ | छात्रबृद्धि | ११७५०००.००	११७५०००.००
१०४	**दिवा खाजा :** कार्यक्रम कार्यान्यन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.७६१(२) मा उल्लेख गरे अनुसार दिवा खाजा अनुदान निकासा दिदा बिद्यालय संचालन भएको दिनलाई आधार मानेर निकासा दिने । स्थानिय तहले दिवा खाजा उपलब्ध गराएको बिद्यालयको बिद्यार्थी दैनिकी हाजिर पुस्तिकाको प्रतिलिपी बिदालयका प्रध्यापक र बि.ब्य.स अध्यक्षबाट प्रमाणित गराइ स्थानिय तहमा संकलन गरी ,संख्या एकिन भए पश्चात मात्र थप निकासा दिने ब्यवस्था मिलाउने उल्लेख गरेको छ । यस कार्यालयले एकमुष्ट जनता रा. प्राथमिक बिद्यालयको खातामा निकासा दिएको रु १०२५५५।०० मध्ये रु १२९६०।०० को ग्यास चुलोमा खर्च भएको देखिएकोले सो खर्च यहि शिर्षकबाट गर्न मिल्ने आधार नदेखिएकोले संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रु	१२९६०.००
१०५	**धार्मिक बिद्यालयलाई अनुदान** : कार्यक्रम कायान्वयन पुस्तिका २०६५।७६को क्रियाकलाप न.२.१५.११.७७६ मा परम्परागत तथा धार्मिक बिद्यालयलाई अनुदान निकासागर्नु भन्दा पहिले नै सम्बन्धित कर्मचारीबाट स्थलगत निरिक्षण गरी तोकिए बमोजिमको संख्यामा बिद्यार्थी नियमितरुपमा अध्ययनरत भएमा मात्र निकास दिने । यसरी बिपरित रकम कुन कुन बिद्यालयहरुलाई बितरण गरिएको हो सो को बिवरण र बिद्यार्थी संख्या समेत शिक्षा तथा मानव स्रोत बिकास केन्द्र मा अनिवार्य रुपमा यठाउने ब्यवस्था छ । यस कार्यालयले २ मदरसालाई रु.२४१०००।०० दरले निकासा दिएको को पुस्तिकामा उल्लेख गरे बमोजिम स्थलगत निरिक्षण गरी प्रतिबेदन पठाएको देखिएन । अतः कार्यालयले यसतर्फ ध्यान दिनु पर्ने देखिन्छ	
१०६	**सामुदायीक बिदालयको गुणस्तरः**सामुदायीक बिद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यानयन गरी बिद्यालयमा शैक्षिकगुणस्तर सुधार गर्ने ब्यवस्था छ । यस गाउँपालिकाले आ.वा. २०७५।७६ बिद्यालयको शैक्षिक गुणस्तरको बारे अनुगमन गरेको प्रतिबेदन कार्यालय संग देखिएन । अत गाउँपालिका कार्यालयले आफनो अन्तरगतका बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ,।	
१०७	**निजी बिदालयको शुल्क निधारणः**निजी बिद्यालयहरुको शुल्क निधारण स्थितीको अनुगमन प्रतिबेदन तयार गरी शुल्कको बारे एकिन गरी बिधालयको शुल्कमा सुधार गरी शैक्षिक सुधार गर्नु पर्ने ब्यवस्था छ । यस गाउँपालिकाले आ.व. २०७५।७६ बिद्यालयको शुल्क निधारण बारे अनुगमन गरेको प्रतिबेदन कार्यालय संग देखिएन । अत गाउँपालिका कार्यालयले आफनो अन्तरगतका बिद्यालयहरुको शुल्क निधारण बारे अनुगमन गर्नतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
१०८	**फिल्ड भत्ता**-नेपाल सरकार सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कार्यक्रम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन २०७५ को २६ अनुसार महंगी भत्ता र स्थानीय भत्ता वाहेक अरु सवै भत्ताहरु खारेज भएकोमा कार्यालयले भौन १७८ मिति २०७६।३।३१ वाट स्वास्थ्यसेवाका कर्मचारीहरुलाई आर्थिक वर्ष २०७५।७६ कोफिल्ड भत्ता भुक्तानी गरी खर्च लेखेको छ ।यसरी नेपाल सरकारले खारेज गरी सकेको फिल्ड भत्ता भुक्तानी गर्न नमिल्नेमा फिल्ड भत्ता भुक्तानी गरेको रु.	

गो.भौ. नं.	बिबरण	रकम
३६।२०७६।३।११	फिल्ड भत्ता १० जना कर्मचारी	७०५००।००

७०५००.००

१०९ **बिल भरपाई –** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्चको बिल भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न कार्यको लागि रकम खर्च गरेकोमा उक्त खर्चको बिल भरपाई पेश नभएकोले बिल भरपाई पेस गर्नु पर्ने रु. ७६०३२.००

गो.भौ. नं.	बिबरण	रकम
१४।२०७५।९।२४	पौष महिनाको स्थाइ र करारका कर्मचारीको तलब रकम बुझेको भरपाइ नभएको	७६०३२।००

११०. **आन्तरिक लेखापरिक्षणः** आन्तरिक लेखापरिक्षणबाट औल्याएको बेरुजू आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार अन्तिम लेखापरिक्षण हुनु अगाडी नियमित तथा असूल/फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था अनुसार फछ्र्यौट नभएका निम्नानुसार व्यहोरा कायम गरिएको छः ४५५८६१.००

१)बिभिन्न कार्यक्रमको समयमा पेश्की फस्यौट गरेको पाइएन ।

२) प्रधानमन्त्री रोजगार कार्यक्रमबामट ग्राभेल गर्ने कार्य वापत बुद्ध भुमि कन्ट्क्सन प्रा लि लाई ४५५८६१ भुक्तानी गरेकोमा आलेपको समय सम्ममा सो को विल सम्झौता, लागत अनुमान मेजरमेन्ट बुक पेश नभएको रु

३)कतिपय मालसामान जिन्सी दाखिला नगरी भुक्तानी गरेकोले नियमानुसार जिन्सी खातामा दाखिला गरी भुक्तानी गनुपर्ने देखिन्छ ।

१११. यस डोर मूकामको च.नं. ३७(२) मिति ०७६।१०।५ को पत्रबाट माग गरिएको विवरण मध्ये निम्नानुसार विवरण प्राप्त नभएकोले सो वारेमा विश्लेषण गर्न सकिएन ।

फारम नंवर	बिवरण
फारम नं. १	बोलपत्र, सिलबन्दी दरभाउपत्र बेगर काम टुक्रा पारी खरिद गरेको विवरण
फारम नं. २	बोलपत्रको तुलनाबोलपत्रमा सहभागिता र लागत कबोल अंक तुलना विवरण
फारम नं. ३	ठेक्का बन्दोबस्ती सम्बन्धी विवरण
फारम नं. ४	म्याद थप सम्बन्धी विवरण
फारम नं. ५	कन्टीन्जेन्सी सम्बन्धी विवरण
फारम नं. ६	अधुरो निर्माण कार्यको विवरण
फारम नं. ७	निर्माण ठेक्काको बी ओ क्यु मा समावेश गरी खरिद गरेको सवारीसाधन / उपकरण
फारम नं. ९	परामर्श खर्च सम्बन्धी विवरण
फारम नं. १०	बार्षिक लक्ष्य तथा प्रगति
फारम नं. ११	अन्य प्रयोजनको खर्च
फारम नं. १२	कोष सम्बन्धी विवरण
फारम नं. १३	कानुन र मापदण्ड बेगरको सुबिधा
फारम नं. १७	थप सुविधाका विवरण
फारम नं. २१	आन्तरिक आम्दानी तर्फ मु अ कर असुलीको स्थिति
फारम नं. २२	कर, दस्तुर, सेवा शुल्क र भाडाको ठेक्का सम्बन्धी विवरण
फारम नं. २३	असुल गर्न बाँकी आय
फारम नं. २४	आर्थिक सहायता, भैपरी आउने र प्रशासनिक खर्चको विवरण
फारम नं. २५	२०७५।२०७६ सम्मको एकिकृत पेश्कीको विवरण
	आर्थिक कारोबार घोषण फारम

११२. **बेरुजूः** गाउपालिकाको प्रारम्भिक प्रतिबेदन अनुसार यो बर्ष असुल गर्नुपर्ने रु. ४ लाख ४५ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ९४ लाख ३२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड २२ लाख २४ हजार र पेश्की रु. २ करोड ४१ लाख ८७ हजार समेत रु. ६ करोड ६२ लाख ८८ हजार बेरुजू कायम भएकोमा प्रतिकृया प्राप्त नभएकोले सोहि बेरुजू कायम भएको छ।

११३. **अनुगमन तथा मूल्याङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :रु हजारमा

गत वर्षको बेरुजु रकम (रु.) (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C= A-B)
३९१०६	०	३९१०६

फछ्र्यौट सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् ।

(D)............

अद्यावधिक बेरुजु स्थिति : .गाउपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (c)	यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)	यो वर्षको कायम बेरुजु रु. (E)	बाँकी (F= C+D+E)
३९१०६	०	६६२८८	१०५३९४

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।

अनुसूची - १

बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

सि.नं	स्थानीय तहको नाम	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिमेवार नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	रुपनी गाउँपालिका	सप्तरी	८५	२७	६६२८८	०	०	०	८५	२७	६६२८८	४४५	१९४३२	२२२२४	०	०	४१६५६	१७१६	२२४७१	२४१८७

अनुसूची - २

स्थानीय तह संचित कोष विवरण
आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

सि.नं.	स्थानीय तह	जिल्ला	आय					व्यय				
			गतवर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात बाँकी
			१	२	३	४	५=(२+३+४)	६	७	८	९=(६+७+८)	१०=(१+५-९)
१	रुपनी गाउँपालिका	सप्तरी	३०११५	९५७०५	२६७७८६	८१२६	३७१६१७	१७६५३९	१७४४३१	१५५३९	३६६५०९	३५२२३

अनुसूची- ३

अद्यावधिक बेरुजू स्थिति
आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

सि.नं.	स्थानीय तह	जिल्ला	गत वर्षको बाँकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं.प.बाट कायम भएको बैरुजू	यो वर्षको बेरुजू	कुल बाँकी बेरुजू
१	रुपनी गाउँपालिका	सप्तरी	३९१०६	०	३९१०६	०	६६२८८	१०५३९४